साप्ताहिक पत्रकारिता
संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY
www.saharatimes.com.np
राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३२४, ● अंक १६ ● २०८१ साल जेष्ठ १-१५ गते (14 May, 28 May., 2024) ● मूल्य रु. १०

## उपनिर्वाचनले यसरी लगायो


# मिसन ८४ मा ब्रेक

गत बैशाख १५ इलाम र बझाङ जिल्लामा सम्पन्न उपनिर्वाचनले अहिले राजनीतिक चर्चा पाएको छ । उपनिर्वाचनको बारेमा अनेककोणबाट टिप्पणी भइरहेको छ । जब कि ठीक एक वर्षअघि पनि भएको उपनिर्वाचनको समयमा यसको ठिक विपरित चर्चा थियो । २०८० वैशाख १० गते तनहुँ, चितवन र बारा जिल्लामा प्रतिनिधिसभाका तीन सदस्यका लागि उपनिर्वाचन भएको थियो । सो उपनिर्वाचनको परिणामले नेपाली राजनीतिमा ठूलै तरगं ल्याएको थियो । त्यतिबेलाको परिणामले एमाले, कांग्रेस, माओवादी केन्द्र सकियो भनि चर्चा नै चल्यो । काँग्रेस, माओवादी र एमालेका लागि 'सक्किने कि सच्चिने' सम्मको चर्चा भएको थियो । कतिपयले त २०८४ मा अब ठूला दलहरु सकिने निश्चित भइसक्यो नयाँ पार्टीहरुले स्थान लिन्छन् समेत विश्लेषण गर्न भ्याइ सकेका थिए ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सभापति रहेको राष्ट्रिय स्वतन्त्र पार्टी आउने चुनाव (२०८४)मा बहुमत नै ल्याउँछ भन्नेसम्मको चर्चा भएको थियो । त्यसबाट हौसिएर सभापति लामिछानेले मिसन ८४ सुरु गर्नुभएको थियो । जनमत पार्टीलगायत अन्य नयाँ तथा साना दलको फूर्तीफार्ती कम थिएन । डा.सिके राउत नेतृत्वको जनमत पार्टीले बारा-२ मा चुनाव जित्न नसकेपछि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई ठूलो टक्कर दिएको थियो । राजधानी दैनिक पत्रिकाका सम्पादक राजेश मिश्र भन्नुहुन्छ, 'बारा-२ मा उपेन्द्र यादव प्राविधिक रुपमा जिते पनि त्यो हारेसरह नै हो किनभने सत्ता गठबन्धनको सम्पूर्ण शक्ति लगाए पनि आशा गरेको जस्तो मत ल्याउन सक्नु भएन त्यहाँ पनि जनमतले उपेन्द्र यादवले टक्कर नै दिएको हो ।'

बारा-२ को उपचुनावपछि जनमतले पनि मिसन ८४ कार्यक्रम सुरु गरेको थियो । २०८४ को चुनावमा देशैभर नभए पनि मधेश प्रदेशमा बहुमत ल्याएर आफ्नै नेतृत्वमा सरकार बनाउने लक्ष्य लिएर चुनावी अभियान सुरु गर्नुभएको थियो । जनमतको एक मात्र मिसन बन्यो मधेश प्रदेशमा बहुमत ल्याउने र त्यसका लागि मिसन ८४ सुरु गरिसकेको थियो । २०८० को उपनिर्वाचनबाट उत्साहित भएका जनमत पार्टी, रास्वपा, राप्रपा, नागरिक उन्मुक्ति पार्टीले २०८४ को चुनावमा बहुमत नै ल्याउने चर्चा खुब चलेको थियो ।

२०७९ मंसिर ७ गते भएको आमनिर्वाचनमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपति र बाराबाट निर्वाचित रामसहाय यादव उपराष्ट्रपति बने भने चितवनबाट निर्वाचित रास्वपा सभापति रवि लामिछानेको नागरिकताको विवादका कारण पद खारेज भएपछि यी तीन क्षेत्रमा २०८० बैशाख १० गते उपनिर्वाचन भएको थियो



**मिसन ८४**

अहिले त्यो चर्चा ३६० डिग्रीमा उल्टिएको छ । २०८० मा भएको उपचुनावले काँग्रेस, एमाले र माओवादी केन्द्रलाई झक्साएको थियो भने २०८१ मा भएको उपनिर्वाचनले रास्वपा, जनमतलगायत आफूलाई वैकल्पिक शक्ति भन्ने दलहरुलाई झस्काएको छ । आफूलाई देशकै वैकल्पिक शक्ति मान्ने दलहरुको मिसन ८४ कार्यक्रम पनि हराएको छ । जनमत पार्टी नौलो गणतन्त्रको आन्दोलनको तयारीमा जुटेको छ भने रास्वपा सरकारमा सहभागी भएर चुपचाप छ । अहिले त सभापति समेत रहेका गृहमन्त्री लामिछानेको मुखबाट ८४ को कुरा सुनकै छैन ।

**२०८० को उपनिर्वाचन**

२०७९ मंसिर ७ गते भएको आमनिर्वाचनमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपति र बाराबाट निर्वाचित रामसहाय यादव उपराष्ट्रपति बने भने चितवनबाट निर्वाचित रास्वपा सभापति रवि लामिछानेको नागरिकताको विवादका कारण पद खारेज भएपछि यी तीन क्षेत्रमा २०८० बैशाख १० गते उपनिर्वाचन भएको थियो । यो । त्यो उपनिर्वाचनमा नेपाली कांग्रेसको गढ मानिएको तनहुँमा रास्वपाका उम्मेदवार डा.स्वर्णिम वाग्ले अत्याधिक मतले विजय हुनुभएको थियो भने चितवनबाट त्यस्तै अत्याधिक मतले रवि लामिछाने पुनः विजयी हुनु भएको थियो । बाराबाट तत्कालीन गठबन्धनबाट जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव चुनाव जित्नु भएको थियो । तीन क्षेत्रमा भएको उपनिर्वाचनमा दुई क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी बनेपछि नेपाली राजनीतिमा हलचल नै ल्याएको थियो । तर त्यो हलचल एक वर्ष नबित्दै सलायो ।

**२०८१ को उपनिर्वाचन**


त्यसको ठीक एक वर्षपछि २०८१ बैशाख १५ गते इलाम- २ मा संविधानसभा अध्यक्ष तथा नेकपा एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनपछि प्रतिनिधिसभा सदस्य र बझाङ १ (क) को प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको निधनपछि प्रदेशसभा सदस्यका लागि उपनिर्वाचन भयो । एमाले निकट पत्रकार राजेन्द्र अर्याले भन्नुभयो, 'त्यो उपनिर्वाचनले एउटा सन्देश दिन सफल भयो कि जनताले नयाँ पार्टीलाई होइन पुरानै पार्टीलाई मन पराएको छ । नयाँले गफ दिएर चुनाव जिते पनि अढाइ वर्षमा केही गर्न नसकेको निष्कर्ष निकालेर पुरानै पार्टीलाई रोजेको छ ।'

इलाम र बझाङमा भएको उपनिर्वाचनमा एमालेकै उम्मेदवार जितेका छन् भने काँग्रेसले दोस्रो स्थान ल्याएको छ । माओवादी केन्द्रले इलाममा एमालेको उम्मेदवारलाई समर्थन गरेको कारण माओवादी केन्द्रको स्थान देखाउन सकिएन भने बझाङमा माओवादी केन्द्र तेस्रो पोजिसनमा छ । अर्थात अगामी चुनावमा पनि एमाले, काँग्रेस र माओवादी केन्द्र आआफ्नो स्थानमा कायम रहने धेरैले आँकलन गरेका छन् ।

इलाम-२ मा भएको प्रनिनिधि सभाको उपचुनावमा ६९ हजार ३७४ मत खसेको थियो जसपमा ६८ हजार ४७२ मत सदर भएको थियो । त्यहाँ कुल मतदाता एक लाख १५ हजार ८८९ रहेका छन् । सो क्षेत्रमा एमालेका सुहाङ २७ हजार ७७२ मत ल्याएर विजय हुनुभयो भने काँग्रेसका उम्मेदवार डम्बरबहादुर खड्काले २१ हजार ९४२ मत ल्याएर दोस्रो र पहिचानवादीहरुको तर्फबाट स्वतन्त्र

**बाँकी पृष्ठ ४ मा**

यस भित्र


भारतमा मोदी म्याजिककै सम्भावना
● लेख, पृष्ठ ४


के उपेन्द्रजी प्रधानमन्त्री बन्नुहुँदैन र ?
● अन्तरवार्ता, पृष्ठ ५


मिथिला चित्रबालामा मधेशी महिलाको उडान
● मध्यपृष्ठ, पृष्ठ ६


सम्बन्ध बिच्छेदपछि इशा फिल्ममा
● पृष्ठ ९


शिक्षाका मसिहा वीरबल यादव
● पृष्ठ १०

अभिमत

# सम्पादकीय

## किन फुट्छ पटक-पटक जसपा ?

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल पुनः विभाजन भएको छ । अशोक राइको नेतृत्वमा सात जना सांसदले सो पार्टी विभाजन गरेर जनता समाजवादी पार्टी गठन गरेका छन् । जसपा नेपाल हालसम्म सात पटक विभाजन भएका छन् । मधेशी जनअधिकार फोरम नेपालले विभिन्न दलसँग एकीकरण गर्दै नाम परिवर्तन गर्दै जसपा नेपालसम्म आइपुगेको हो । तर फाउण्डेशन फोरमकै हो । अहिलको जसपा नेपाल मधेशी जनअधिकार फोरमको रूपमा जो निर्वाचन आयोगमा २०६३ मा दर्ता भएको थियो । २०६४ देखि हालसम्म सात पटक विभाजन भइसकेको छ । १८ वर्षमै सात पटक फुट्नु यो कम गम्भीर र त्रुटीपूर्ण कुरा होइन तर जसपा नेपालकै अध्यक्ष उपेन्द्र यादव भन्नुहुन्छ, कम्युनिष्ट पार्टी ३६ पटक फुटि सकेका छन्, त्यसैले पार्टी फुट्नु कुनै ठूलो कुरा होइन, तर किन र के कारणले फुटे त्यो मुख्य कुरा हो ।'


एकातिर पार्टी फुटेको छ, त्यसको समिक्षा गर्नु कता हो कता, कमीकमजोरी स्विकार गर्नु कता हो कता अरू पार्टी विभाजन भएका छन् भने जसपा नेपाल फुट्नु मामुली कुरा हो भनि प्रतिकृया दिनुभएको छ । तर आफ्नो पार्टी सात पटक किन विभाजन भयो त्यसको समिक्षा गर्नुभएको छैन । विगतमा पनि पटक पटक पार्टी विभाजन भएको हो तर कहिले त्यसको बारेमा समिक्षा भएको जस्तो लाग्दैन । पार्टी विभाजन भएपछि अरूमाथि दोष थुपारेर पन्छिने गर्नुभएको छ । कहिले भारतले फुटाई दियो भन्नुहुन्थ्यो भने कहिले काँग्रेसले फुटाई दियो भन्नुभयो भने कहिले माओवादी र एमालेले फुटाई दिएको भन्नुभयो तर उहाँले आफ्नो कमजोरी कहिले देखाउनु भएन ।

भिडभाडमा धक्का लाग्ने कमजोरलाई नै हो । हावाहुरी आएपछि कमजोर घर वा संरचनालाई उडाउँछ । ताल्चा कमजोर छ भने त्यसलाई ताडेर चोर घरमा पस्छन् नै । ताल्चा बलियो नलगाउने अनि घरमा चोरी भयो भने चोरलाई आरोप लगाउने, घर बलिया नबनाउने हावाहुरीले उडाई दियो भने हावाहुरीलाई आरोप लगाउने । जसपा नेपालमा पनि त्यही भइरहेको छ । आफ्नो पार्टीभित्रको कमीकमजोरीका कारण पार्टी विभाजन भएको हुन्छ तर अरूतिर देखाएर पन्छिने गरेको हुन्छ ।

कमजोरी त पक्कै पनि उपेन्द्र यादवमा पनि छ । उहाँले यो कुरा स्विकार गरोस् या नगरोस् । नत्र एउटै पार्टी सात पटक कसरी फुट्छ ? उपेन्द्र यादवसँग देशका ठूला ठूला नेता जोडिएका थिए । तर आज उहाँसँग कोही पनि छैनन् किन ? पक्कै पनि सबै दोषी थिएनन् होला । कुनै नकुनै रूपमा सबै पार्टी विभाजन भएका छन् । हरेक दलबाट नेताहरू यताबाट उता भइरहेका हुन्छन् । तर जसपा नेपाल छोटो समयमा जसरी विभाजन भयो, नेताहरू जसरी उपेन्द्र यादवलाई छाडेर गए त्यसका आधारमा त सोचनीय विषय हो । अब उपेन्द्र यादव गम्भीर हुनै पर्छ । निर्मम ढंगले आफ्नो र आफ्नो पार्टीको समिक्षा गर्नुपर्छ ।

उपेन्द्र यादवलाई एउटा आरोप लाग्ने गरेको छ कि उहाँ कसैलाई नेता बनाउन चाहनु भएको छैन, अरूलाई कार्यकर्ता जतिको पनि व्यवहार गर्नुभएको छैन । जो उहाँका नजिक हुन्छन्, उहाँको गुनगान गाइ रहेका हुन्छन् । त्यसलाई अलिअलि पार्टीमा क्रियाशिल बनाउनु भएको हुन्छ, त्यसबाहेक अरू सबै बेरोजगार जस्तै बनेका हुन्छन् । पछिल्लो समय उहाँले देशभर प्रशिक्षण दिनुभएको छ । तर सबै प्रशिक्षणमा आफै जानु भयो । कहि कतै कुनै नेतालाई सहभागी गराउनु भएन । त्यो पनि पार्टीभित्रको एउटा असन्तुष्टिको कुरा थियो । उहाँमा अर्को समस्या भनेको उहाँले कसैमाथि विश्वास गर्नुहुन्न । हरेकलाई आशंकाको नजरले हेर्नुहुन्छ तर कसैमाथि विश्वास गर्नुभयो भने आँखा चिम्लेर गर्नुहुन्छ । अरू चाहे पार्टीका लागि समाजका लागि चाहे जस्तो योगदान किन नगरेको होस् त्योसँग कुनै मतलब हुँदैन । अर्को कुरा, उहाँले वान आर्मीको शैलीमा पार्टी चलाउन चाहनु भएको छ । हैकमवादी शैलीमा पार्टी चलाउनु भएको कुरा उहाँका साथ छाडेका नेताहरू भन्ने गर्नुहुन्छ । संगठनप्रति प्रतिवद्ध, विचार र सिद्धान्तप्रति प्रतिवद्धतामा उपेन्द्र यादवमा कुनै कमी छैन । कुशल संगठनकर्ता हुनुहुन्छ भने कुरामा कुनै दुईमत छैन । त्यही भएर पटक पटक फुटेको पार्टीलाई उहाँले जिवित र क्रियाशिल राख्नु भएको छ । तर उहाँको कार्यशैलीमाथि पटक पटक प्रश्न उठ्ने गरेको छ । उहाँ कुशल संगठन निर्माता, विचारक, आन्दोलनकारी हुनुहुन्छ तर व्यवहारिक ज्ञान र व्यवहारको अभावको कारण धेरै जना उहाँबाट बिचिकएका छन् । र, पार्टी विभाजन हुनुको विभिन्न कारणमध्ये यो पनि एक कारण हो । यसपाली माओवादी केन्द्र र एमालेले जसपा नेपाल विभाजन गरेको हो । यो कुरा घाम जतिकै छर्लङ छ । तर अरू पार्टीले चाहदैमा पार्टी विभाजन हुन्छ त्यो कस्तो धरातलको पार्टी बनेको हो, फाउण्डेशन कस्तो छ कि कोही चाहदैमा विभाजन भइहाल्छ । जग बलियो नभएपछि सानोतिनो हावाले पनि घरलाई हलाई दिन्छ । जसपामा त्यही भएको हो । दोष अरूलाई दिनुभन्दा पनि आफू बलियो हुनुपर्छ । कमजोर छैन भने बहालवाला मन्त्री किन पार्टी छाड्छन् । भनिन्छ, सत्ताका लागि पार्टी फुट् भन्छन् तर बहालबाला मन्त्री किन

## तथ्यांक आफै बोल्छ




# पाठक पत्र

saharatimes.com.np@gmail.com


संघर्ष, स्वाभिमान र स्वावलम्बन
सहारा टाइम्स
SAHARA TIMES NATIONAL FORTNIGHTLY
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np
• वर्ष १५, • पूर्णाङ्क ३२३, • अंक १५ • २०८१ साल वैशाख १६-३१ गते (28 Apr., 13 May., 2024) • मूल्य रु. १०

जसपाको संगठित सदस्य एक लाख ४५ हजार
यसरी हुँदैछ महाधिवेशन

जेठ २८ गतेदेखि ३० गतेसम्म जनकपुरमा हुने महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधि चयनका लागि प्रकृया सुरु गरेको छ ।

महाधिवेशनमा प्रतिनिधि निर्वाचित गर्दा कम्तिमा एक तिहाई महिला सहित विविधता प्रतिबिम्बित हुने गरी विभिन्न जातीय/सामाजिक समूहहरुबाट समावेशी हुने गरी निर्वाचन गरिने निर्देशिकामा उल्लेख छ ।

जिल्लाभित्रका २०० भन्दा बढि संगठित सदस्यता भएका जिल्ला समितिले पदाधिकारी तथा सदस्यहरुमध्ये बाट एक जना महिलासहित तीन जना प्रतिनिधि निर्वाचन हुनेछ ।

यस भित्र
मधेशमा माओवादी यसरी डुबल्यो 'कमब्याक' • लेख, पृष्ठ ४
परिवार र जनताको सेवा एक साथ गर्दै आएकी छु • अन्तरवार्ता, पृष्ठ ५
भारतको पहिलो फोटोपत्रकार होमी जसले ब्रिटिश शासनदेखि स्वतन्त्रासम्मको तस्विर खिचिन् • मध्यपृष्ठ, पृष्ठ ६
नयाँ फिल्मका कारण दीपिका चर्चामा • पृष्ठ ९
रोशन जनकपुरी जसले राजनीतिका लागि त्याग गर्नुभयो सरकारी जागिर • पृष्ठ १०

### महाधिवेशनअघि नै पार्टी विभाजन

जसपा नेपालकै महाधिवेशनका कारण पार्टी विभाजन भएको हो । एक त पार्टीको महाधिवेशन भइरहेको थिएन । १७-१८ वर्षपछि यो महाधिवेशन हुन गइरहेको छ । त्यसमा पनि त्यसका कारणले पार्टी नै विभाजन भयो । विभाजन गर्नेहरुले नै पत्रकार सम्मेलन गरेर महाधिवेशनमा उपेन्द्र यादवले धाँधली गर्ने तयारी गर्नुभएको छ । निर्देशिकादेखि लिएर अन्य दस्तावेज आफ्नो अनुकुल बनाउन लागेको आरोप उहाँहरुको थियो । महाधिवेशन हुँदै गर्दा वा भइसकेपछि पार्टी विभाजन हुने गरेको धेरै उदाहरणहरु छन् तर महाधिवेशनको प्रकृया सुरु हुँदा नै विभाजन भएको हो । यस्तो बिरलै हुन्छ । तर जसपा नेपालमा त्यस्तो भयो । यसबाट पुष्टि हुन्छ कि अशोक राइहरु महाधिवेशनबाट डराउनुभयो ।

यदि पार्टीमा कुनै विवाद थियो भने महाधिवेशनबाट त्यसलाई सल्टाउनु पर्ने थियो तर महाधिवेशन अगावै पार्टी फोडेर आफू पार्टीमा कति कजमोर रहेको कुराको पुष्टि गर्नुभएको छ । उपेन्द्र यादवमा लाखौ गल्ती होला त्यो आफ्नो ठाउँमा छ तर महाधिवेशनको मुखमा यसरी पार्टी विभाजन गर्नुहुँदैन्थ्यो । महाधिवेशन फेस गर्नुपर्थ्यो । कुनै पनि पार्टीमा हरेक विवादको समाधान महाधिवेशनबाट हुन्छ । यदि महाधिवेशनबाट हुन सकेन त्यसबेला पार्टी विभाजन हुन्छ तर जसपा नेपालमा महाधिवेशन गर्ने घोषणा गरेपछि नै विभाजन भयो ।

*ज्योती झा, jha.jyoti2022@gmail.com*

### जसपा नेपालमा आरक्षणको धज्जी

जसपा नेपालका एक लाख ४५ हजार संगठित सदस्य छन् त्यसका साधारण कति होला ? जसपा नेपालमा साधारण सदस्यको कुनै तथ्यांक नै छैन । साधारण सदस्य जति सबैलाई संगठित सदस्य बनाई दिएको छ जस्तो लाग्छ । नत्र कुन यस्तो पार्टी हो जस्तो साधारण सदस्य छैन तर जसपा नेपालमा छैन । जसपा नेपालले साधारण सदस्यको सँख्या लुकाएको छ । सांगठित सदस्य पनि गोलमाल गरेको छ । संगठित सदस्य भनेको पार्टीको कुनै नकुनै समितिमा आवद्ध भएको हुनुपर्छ । तर अहिले बनाएको धेरै जसो संगठित सदस्य कुनै पनि समितिमा छैनन् तर त्यसलाई सदस्य बनाएको छ । महाधिवेशन प्रतिनिधि चयन भइरहेका छन् त्यहाँ पनि समावेशी समानुपातिक प्रणालीलाई फ्लो गरिएको देखिदैन । निर्देशिका अनुसार कुन समितिबाट कति महाधिवेशन प्रतिनिधि बनाउने त्यसको सँख्या मात्र तोकिएको छ तर मधेशी कति, थारु, मुस्लिम, जनजाति कति कही उल्लेख छैन । निर्वाचन आयोगले अनिवार्य गरेको महिलाको व्यवस्था मात्र हरेक समितिमा गरिएको छ त्यसबाहेक अरु कुनै कलस्टरको बारेमा केही बोलेको छैन ।

*राजेश यादव, गोलवजार, सिरहा*

### यो गणतन्त्रमा मात्र सम्भव भएको हो

यो गणतन्त्रमा मात्र सम्भव भएको छ । विनिताकुमारी चौधरी जस्ता माहिलाले पनि संसदमा ठाउँ पाउनु भयो गणतन्त्रमा सम्भव भएको हो । जुन महिला चुल्हो चौकाबाट बाहिर निस्किन पाउँदैन त्यस्तो महिला पनि संसदमा स्थापन पाउनु भनेको लोकतन्त्रको ठूलो गहना हो । विनिता सिंहको अन्तरवार्ता पढे । त्यो अन्तरवार्ता पढेर मैले एउटै कुरा बुझे कि देशमा लोकतान्त्रिक गणतन्त्र किन चाहिएको थियो । पछिल्लो समय संघीयता र गणतन्त्रप्रति नाकारात्मक प्रतिकृयाहरु आइरहेका छन् । त्यो तत्कालिन प्रतिकृया हो तर विश्वमै गणतन्त्र जस्तो सुन्दर प्रणाली कुनै छैन । यदि यो देशमा गणतन्त्र नभएको भए विनिता दनुवार जस्ता महिला यस्तो ठाउँमा आउन सक्ने थिएन । कसरी विनिता दनुवार एउटा गृहिणी हुनुहुन्थ्यो तर उहाँ संसदसम्म पुग्नुभयो । विनिता जस्ता धेरै महिलाहरु नेतृत्व तहसम्म पुगेका छन् त्यो गणतन्त्रकै कारणले मात्र सम्भव भएको हो ।

*मनिषा झा (फेसबुक)*

### सफल व्यक्ति रामरिझन

कुनै व्यक्ति सफल वा असफल हुने मापन भनेकै समाजमा उसको योगदान के हो । एउटा सफल भनेको पैसा हो । कुनै व्यक्तिसँग पैसा छ भने त्यसलाई सफल व्यक्ति मानिन्छ । तर पैसाबाला व्यक्ति कहिले सफल मानिदैन । जो समाजबाट उच्च समान पाउँछन् उनी सफल हुन त्यस हिसाबले तपाई रामरिझन यादव सफल हुनुहुन्छ । समाजमा तपाईको मूल्यांकन उच्च छ । यो समाजका लागि सानै सानै भएपनि केही नकेही गरिरहनु हुन्छ त्यही नै तपाईको सफलता हो । तपाई प्रध्यापक पेसा नछाडेको भए कही कतै तपाईको सुखसयलको जीवन बित्थ्यो । तर तपाई त्यो रोज्नु भएन । समाजका लागि राजनीतिको माध्यमबाट केही गर्छु भनेर सबै कुरा छाडेर तपाई आउनु भयो र तपाईले आफ्नो कर्तव्य पुरा गरिरहनु भएको छ । त्यो नै तपाईको सफलता हो । हामीले तपाईलाई सफल व्यक्तिको रुपमा लिन्छौं । समाजका साना साना कुरालाई तपाईले जसरी उजागर गर्नुहुन्छ त्यो तपाईको सफलता हो ।

# फेसबुक



**बलरामप्रसाद यादव**

स्यालको कहानीसँग ठ्याक्कै मेल खाने भो उपेन्द्रको कथा र व्यथा !!

बाखा चोरेर खान पल्केका स्यालले रातीको अँध्यारोमा गाउँ पसे तर एकजना किसानले आफ्नो घरलाई पेन्टिङग गर्न लाईध (गाई वस्तु घाँस/पराल खाने कन्टेनर) मा हरियो पेन्ट घोलेका थिए तर अन्ध्यारोमा त्यो कन्टेनरमा अचानक लडेर पुरै शरीर पेन्टेड/रङ्गिएछ । यसरी पुरै शरीर भिजेपछि स्याल जङ्गल फर्के र सुते, राती केही खान नपाएर भोकाएका भोली विहान उज्यालोमा उठ्दा पुरै शरीर त्यो हरियो पेन्टेड भएकोबाट उसको दिमागमा एउटा आइडिया आयो किनभने उसलाई त्यो हरियो रंगले बिचित्रको जनावर बनाई सकेको थियो । स्याल आफ्नो बिचित्रको रुप लिएर सिंहको गुफामा गए र सिंहलाई भने- 'ए सिंह तिमी मलाई चिन्छौ ? मलाई भगवानले जङ्गलको राजा बनाएर पठाएछ । सिंहले उसलाई हेरेपछि सोचेछ कि यसतो हरियो रंगमा यस्तो बिचित्रको जनावर आजसम्म मैले देखेको थिएन । त्यसैले भगवानले पक्कैपनि यसलाई राजानै बनाएर पठाएछ भनि सिंहले पत्याए ।

उसले आफ्नो सिंहासन स्याललाई सुम्पे र त्यहाँबाट जान लाग्दा सिंहलाई स्यालले भने अब तिमीले एउटा काम गर्नु पर्दछ कि तिमीले मलाई प्रत्येक दिन खुब मोटाएका चर्बी/फ्याटी बाला हरिण शिकार गरेर ल्याएर खान दिनु पर्दछ । जगंलको राजा स्याललाई स्वीकार गरिसकेका सिंहले भने- हस् सरकार, सरकारको जो आदेश । यसरी सिंहले प्रत्येक दिन हरिणको शिकार स्याललाई खान दिएपछि स्याल हरिण खाएपछि १-२ महिनामै खुब मोटाएछ । यसको केही महिनापछि बर्षायाममा आएपछि स्याल बाहिर घुम्न जाँदा केही दिनमा हरियो रंगवाट रंगिएका शरीर वर्षाको पानीबाट उ भिज्दा डिसकलर हुँदै गयो । धेरै रंग उडेको यो तथाकथित जंगलको राजालाई सिंहले हेर्दा उ त बाँठो स्याल पो रहेको थाह पायो । र सिंहले स्याललाई झम्टेर खाई दिए । यो स्यालको कहानी उपेन्द्रको कथा व्यथासंग ठ्याक्कै मिल्दो रहेछ किनभने २०६३ को स्वत:स्फुर्त "मधेशको विद्रोह" ले उपेन्द्रलाई रंगिएको स्याल जस्तो बनाई दिएको थियो । त्यस्तै त्यो बिद्रोहको जगमा पहिलो संविधानसभामा कड़ा शक्तिका रुपमा स्थापित भए तर उपेन्द्र आफ्नै असक्षम नेतृत्वका कारण उसको पार्टी टुक्रा टुक्रामा विभाजित भयो ।

# दोस्रो प्रयासमा यसरी फुटाइयो जसपा नेपाल

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल दोस्रो प्रयासमा विभाजन भएको हो । तत्कालिन उपप्रधान तथा स्वास्थ्य मन्त्रीको हैसियतमा अमेरिका गएको बेला गत बैशाख २३ गते पार्टी विभाजन भएको हो । तर यसरी विभाजनका लागि यो पहिलो प्रयास भने होइन । चार वर्षअघि पनि यस्तै प्रयास भएको थियो । अहिलेको विभाजन टोलीमा संलग्न नेताहरुले पनि २०७७ मा बैशाख पार्टी विभाजनको सम्पूर्ण तारतम्य मिलाई सक्नु भएको थियो ।

त्यतिबेला पनि तत्कालिन प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी शर्मा ओलीले सघाउनु भएको आरोप त्यतिबेला नै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले लगाउनु भएको थियो । पार्टी विभाजनका लागि एक जना सांसद कम परिरहेको थियो । त्यसको पनि व्यवस्था गरि दिने आवश्वासन तत्कालिन प्रधानमन्त्री ओलीले उपेन्द्र यादव नेतृत्वको तत्कालिन समाजवादी पार्टी विभाजनको जोगारमा लागेका नेताहरुलाई दिनुभएको थियो । तत्कालिन समाजवादी पार्टी विभाजनमा एमालेका अध्यक्ष केपी शर्मा ओली लागेको कुरा विभिन्न गतिविधि र व्यवहारले स्पष्ट थियो ।

अहिले पनि जसपा नेपाल विभाजनमा एमालेका अध्यक्ष ओलीको हात रहेको कुरा बाहिर आएको छ । तर चार वर्षअघि जसरी पुष्टि भएको थियो त्यसरी पुष्टि भएको छैन । जसपा नेपालका नेताहरुको कुरालाई आधारमा मान्ने हो पार्टी विभाजन गर्ने मुख्य डिजाइनर नै एमालेका अध्यक्ष ओली हुनुहुन्छ, जसले २०७७ मा पनि प्रयास गुर्नभएको थियो । त्यतिबेला उहाँ प्रधानमन्त्री हुनुहुन्थ्यो ।

त्यतिबेला पनि रेणु यादव, इस्तियाक राइ, प्रदीप यादव, प्रमोद साह, उमाशंकर अरगरिया, कल्लु देवीलगायतका नेताहरु लाग्नु भएको थियो । उहाँहरुलाई एक जना सांसद कम भएपछि एमालेका अध्यक्ष ओलीले आफ्ना पार्टीका नेता महेश वस्नेत र किसान श्रेष्ठलाई जनकपुर पठाएर तत्कालिन समाजवादी पार्टीका संघीय सांसद डा.सुरेन्द्र यादवलाई अपहरण गर्न लगाउनु भएको थियो । र त्यसमा साथ दिनुभएको थियो पूर्व आइजीपी सर्वेन्द्रनाथ खनाल । जनकपुरस्थित तत्कालिन प्रदेश सांसद कौशलकुमार यादवको डेराबाट डा.सुरेन्द्र यादवलाई अपहरण गरी काठमाडौंको मेरियट होटेलमा राखिएको थियो ।

तर त्यस होटलबाट विहान भाग्न सफल हुनुभएका थियो डा.सुरेन्द्र यादव । त्यतिबेला उपेन्द्र यादव काठमाडौंमै हुनुहुन्थ्यो र, सबै कुरा सम्भव भएको थियो । डा.सुरेन्द्र यादवलाई होटलबाट उम्काउन सफल मात्र हुनुभएन उहाँले पार्टी विभाजनलाई रोक्नका लागि २०७७ बैशाख १० गते नै महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टीसँग रातारात एकीकरण गर्नुभयो । यदि महन्थ ठाकुर पार्टी एकीकरणका लागि तयार नभएको भए बैशाख ११ गते राजपासँग मध्यरातमा एकीकरण भइरहेको बेला एमालेका अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्री ओलीले जनकपुरबाट तत्कालिन सांसद डा.सुरेन्द्र यादवलाई अपहरण गरी काठमाडौं ल्याइ रहनु भएको थियो ।

रातारात अपहरण गरेर ल्याएर मेरियट होटलमा राख्नुभएको थियो । जहाँ पार्टी विभाजन गर्ने समाजवादी पार्टीका अन्य नेताहरु एउटा कोठामा बसिरहनु भएको थियो । त्यही लगेर डा.सुरेन्द्र यादवलाई राखिएको थियो । समाजवादी पार्टी र राजपा बिच एकीकरण गरी बनेको जसपा नेपाल दर्ता गराउन २०७७

बाँकी पृष्ठ १२ मा

# चेन सोङसँग भेटेपछि झलनाथको चमकधमक

जनता समाजवादी पार्टी नेपाल विभाजन भइसकेको छ । विभाजनका लागि निर्वाचन आयोगले सहयोग गरेको भन्दै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले कानुनी उपचार खोज्दै सर्वोच्च अदालतमा रिट पनि दाय गर्नुभएको छ । ऐन, कानुन मिचेर निर्वाचन आयोगले हतार हतारमा जसपा नेपालबाट अलग भएकाहरु पार्टी दर्ता गरि दिएको आरोप जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको रहेको छ । उपेन्द्र यादव कानुनी उपचारमा गएपछि त्यसको परिणाम आउँदै गर्ला तर त्यतिबेलासम्म पार्टी विभाजनको पिडा उहाँसँग रहिरहन्छ, जो पिडा नेकपा (एस)का अध्यक्ष माधवकुमार नेपाललाई आउने बाला थियो ।

अहिले जुन शक्तिले जसपा नेपाल विभाजन गरेको छ, त्यही शक्तिले नेकपा (एस) विभाजन गर्ने तयारी गरेको थियो । माओवादी केन्द्रका एक नेताले भन्नुभयो, 'एमालेका अध्यक्ष केपी शर्मा ओलीको निशानामा नेकपा (एस) थियो, त्यो निशाना चुकेपछि जसपा नेपालमाथि लागेको हो ।' जसपा नेपाल भन्दा नेकपा (एस) विभाजन गर्दा एमालेका अध्यक्ष ओलीलाई हुन्थ्यो । जसपा नेपाल विभाजन भएपछि त्यसबाट ओलीलाई केही फाइदा भएको छैन । नेकपा (एस) विभाजन भएको भए टुक्रिएको टिमलाई आफ्नो पार्टीमा मिलाउन सजिलो हुन्थ्यो ओलीलाई । त्यही भएर नेकपा (एस) विभाजनका लाीग ओली शक्ति लगाई सक्नु भएको थियो ।

माओवादी केन्द्रका ती नेताका अनुसार नेकपा (एस)का चार जना नेता पाटी विभाजनका लागि तयार भएपनि त्यसको नेतृत्व गर्न कोही तयार भएन । सांसदको व्यवस्थापन प्रेम आलेमगर गरेको बताइन्छ तर पार्टीको नेतृत्व लिन उहाँ तयार हुनुभएन । संसदीय दलबाट विभाजन गर्दा त्यसको नेतृत्वकर्ता सांसद नै हुनुपर्ने तर्क त्यहाँ गरिएको थियो । नत्र पार्टीका सम्मानित नेता झलनाथ खनालले पार्टीको नेतृत्व गर्न तयार हुनुभएको थियो । पार्टी विभाजन हुँदैछ भनि सुइको नेकपा (एस)का माधवकुमार नेपालले पनि थाह पाउनु भएको थियो । त्यसपछि उहाँले आफ्नो पार्टी बचाउनका लागि सक्रिय हुनुभएको थियो । आफ्ना पार्टीका सबै सांसदलाई एक साथ राखेर विभिन्न बैठक राख्न थाल्नुभयो । कसैलाई यताउती हुन दिनुभएन तर झलनाथ खनाल अलगथलग हुन थालेपछि अध्यक्ष नेपाललाई झन शंका लाग्यो । त्यसपछि उहाँले संसदीय दलको बैठक बोलाएर सांसदहरुको मन टोटल्नु भएको थियो तर त्यो बैठकमा कसैले पनि विभाजनको पक्षमा थिएन भनि अध्यक्ष नेपाललाई विश्वास दिलाइएको थियो ।

त्यही बिचमा नेपालका लागि चिनियाँ राजदूत चेना सोङले नेता खनालसँग पटक पटक उहाँकै घरमा गएर भेट्नु भएको कुरा सार्वजनिक भइसकेको छ । कतिपय भेटघाट सार्वजनिक भएको छ भने कतिपय गोप्य राखिएको छ । नेकपा (एस)का अध्यक्ष माधवकुमार नेपाल काँग्रेसका सभापति शेरबहादुर देउवा, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसँग मिलेर अर्को गठबन्धन बनाउन पहिल गर्ने सहमति गर्नुभएको थियो । त्यसका लाीग उहाँले विभिन्न ठाउँमा छलफल गरिसक्नु भएको थियो । जुन कुरा चाइनिजका लागि रुचिकर थिएन । चीन एमाले-माओवादी गठबन्धन जोगाउन पक्षमा छ भने भारत त्यो गठबन्धन भत्काएर अर्को गठबन्धन बनाउने पक्षमा छ । त्यसका लागि दुवैले आआफ्नो पक्षमा गठबन्धन बनाउन प्रयास गरे ।

काँग्रेस, जसपा, राप्रपा, लोसपा, नेकपा (एस) मिलाएर अर्को सरकार बनाउने र त्यो सरकारको नेतृत्व माधवकुमार नेपाल गर्ने भनि लगभग सहमति भइसकेको थियो । यसका लागि पटक पटक दलहरुको बिचमा छलफल भएका हुन् । अरु कुनै उपाय नलागेपछि

बाँकी पृष्ठ ८ मा

# लोसपामा विद्रोहको संकेत

उपेन्द्र नेतृत्वको जनता समाजवादी पार्टी नेपालबाट सात जना सांसदले विद्रोह गरेर पार्टी फुटाई सकेको एक साता नबित्दै महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा पनि विद्रोहको संकेत देखिएको छ । जसपा नेपाल विभाजन हुने बित्तिकै माओवादी केन्द्र र एमालेले जसपा नेतृत्वको मधेश सरकारबाट समर्थन फिर्ता लिइसकेको छ । मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकार अल्पमतमा परेको छ । सरकारमा अल्पमतमा परेपछि नयाँ सरकारको तयारी चलिरहेको बेला लोसपा नेपालको एउटा समूह नयाँ सरकारमा जाने तयारी थालेको छ जसको बारेमा लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई जानकारी छैन ।

बैशाख ३० गते माओवादी केन्द्र र एमालेका नेताहरु जसपा नेपाल नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएकै दिन माओवादी केन्द्र, एमाले, जनमत पार्टी र लोसपाको बैठक बसेको थियो । र, त्यो बैठकले नयाँ सरकार बनाउनका लागि पहल गर्ने निर्णय गरेको थियो । माओवादी केन्द्र, एमाले, जनमत पार्टी एउटै गठबन्धनमा भएको कारण ती दलको बिचमा समझदारी हुनु एक हदसम्म सही नै हो तर लोसपा विपक्षी गठबन्धन छ । तैपनि लोसपाका केही प्रदेश सांसद माओवादी-एमाले (सत्ता गठबन्धन) को पक्षमा रहेको बुझिएको छ । लोसपा मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले त्यो समूहको नेतृत्व गरिरहनु भएको छ । सो समूहमा उपनेता महतोसहित रानी शर्मा, रमेश पटेल, अभिराम शर्मालगायत ६ जना सांसद रहेको बताइएको छ ।

अब बन्ने नयाँ सरकारमा जाने तयारीमा उहाँहरु हुनुहुन्छ । स्रोतका अनुसार उपेन्द्र महतो, रानी शर्मा सरकारमा जाने तयारीमा हुनुहुन्छ । त्यसका लागि माओवादी-एमाले गठबन्धनसँग साँठगाँठ गर्नुभएको छ । जब कि त्यसरी गठबन्धन बनाएर जाने पार्टीमा कुनै पनि निर्णय भएको छ । लोसपाका महासचिव मनिष मिश्रले भन्नुभयो, 'कोसँग गठबन्धन गर्ने, कसरी गर्ने त्यसको बारेमा पार्टीमा कुनै निर्णय भएको छैन, कुनै सांसदले कसैसँग गठबन्धन वा सहकार्य गर्नुभएको छ त्यो उनको निजी मामिला हो, गठबन्धन गरेको पार्टीको आधिकारिक होइन ।' लोसपा लोकतान्त्रिक गठबन्धनको पक्षमा छ । वाम गठबन्धनको पक्षमा छैन यद्यपी यसको बारेमा पार्टीको आधिकारिक निर्णय आउन बाँकी रहेको उहाँले बताउनुभयो । लोसपा मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले सहकार्यका लागि प्रारम्भिक छलफल भएको हो तर टुगोंमा नपुगेको बताउनुभयो । कुनै दलले कुरा गर्न आउँछन् भने त्यसलाई रोक्न मिल्दैन, कसैसँग कुरा गर्दैमा गठबन्धन भयो भने होइन भन्दै उहाँले कसैसँग कुनै सहकार्य वा गठबन्धन गर्दा पार्टीमा निर्णय गरेर मात्र हुने बताउनुभयो । उहाँले भन्नुभयो, 'तर एउटा कुरा स्पष्ट छ कि लोसपा नेपाल जसपा नेपाल नेतृत्वको सरकारमा कुनै पनि हालतमा सहभागी हुँदैन ।'

यता, माओवादी केन्द्र तथा जनमत पार्टीका नेताहरुले लोसपा आफुहरुको साथमा रहेको दावी गर्नुभएको छ । मधेश प्रदेश माओवादी केन्द्रका संसदीय दलका नेता भरत साहले नयाँ बन्ने गठबन्धनमा लोसपा पनि रहेको बताउनुभयो । जसपा नेतृत्वको सरकार अल्पमतमा परिसकेको छ । त्यसको विकल्पमा अर्को सरकार बनाउन प्रकृया सुरु हुन्छ त्यसका

बाँकी पृष्ठ ८ मा

## फरकमत

# भागबण्डामा चलेको संसदीय समितिहरु



सर्वेन्द्रनाथ शुक्ला

संसदीय व्यवस्था लोकतन्त्रको सिद्धान्त र मर्मअनुसार चल्नुपर्ने हो । यसमा प्रतिपक्षको भूमिका संसद् भित्र बढी हुन्छ र सरकारको जिम्मेवारी संसद्प्रति हुन्छ । संसदीय व्यवस्थामा सरकारको निर्माण संसद्ले गर्छ । संसद् नै उसको जन्मदाता हो । सरकार जुन हिसाबले जिम्मेवार र सरकारका मन्त्रीहरु जुन हिसाबले जिम्मेवार हुनुपर्छ जनताप्रति र संसदमा उठेका आवाजप्रति जिम्मेवार नभएको पाइएको छ । यसमा कमीकमजोरी देखिएको छ । संसदमा सार्वजनिक महत्वका प्रस्तावहरु दर्ता भएका छन् तर त्यसको कहिल्यै पालो आउँदैन । अन्य महत्वपूर्ण प्रस्तावहरु संसदमा दर्ता भए पनि त्यसका विषयमा छलफल भएको पाइँदैन ।

संसद्का कैयन विषयहरु मुलुकका तीन ठूला दलको निगाहमा छ । भागबण्डाको राजनीति चलिरहेको छ । संसद्लाई गतिशील तुल्याउन सरकार र संसदमा सभामुखको भूमिका महत्वपूर्ण हुन्छ । सभामुख कहीं न कहीं आफ्ना पार्टी र पार्टी नेताको प्रभावमा देखिनुहुन्छ । अहिले मात्रै होइन पहिलेदेखि नै यो चलिरहेको छ । यसले संसदीय व्यवस्थालाई कमजोर बनाउने काम गर्छ । संसदीय व्यवस्था कमजोर भयो भने लोकतन्त्र कमजोर हुन्छ । त्यसै पनि यस व्यवस्थाप्रति जनताको मनभित्र मसिनोरुपमा वितृष्णा र नैराश्यता देखिएको छ । जनताको असन्तुष्टिको सम्बोधन गर्ने थलो पनि संसद् हो ।

अर्कातर्फ, संविधानको कार्यान्वयन सही रुपमा हुन सकेको छैन । संविधानको त्रुटि र कमी कमजोरी बारम्बार उठिरहेको छ । यसको उपाय भनेको संसदभित्र कार्यदल बनाएर संविधानमा भएको त्रुटि सच्याउन विज्ञसहितको टोली बन्नुपर्छ । संसदीय व्यवस्थाको पालना गर्दा देखापरेका अवरोध र कठिनाइलाई विज्ञ टोलीले पहिचान गर्नसक्छ र कार्यान्वयनका लागि मार्गदर्शन सुझाउन सक्छ ।

राज्य व्यवस्था समितिमा गम्भीररुपले काम भइरहेकै छ । सन्तुष्टिको कुरा गर्दा यसलाई अघि बढाउने र सुधार गर्ने धेरै ठाउँहरु छन् । म आफैं राज्य व्यवस्था समितिमा छु । यसको कामकारबाहीमा अझै सुधार गरेर धेरै काम गर्नुपर्ने छ । महिनाको दुई पटक बैठक बसिरहेको छ । दुई वा तीन विधेयक विचाराधीन छन् । अधिकतम छलफलबाट विधेयक पार लगाउनुपर्छ । यसमा विभिन्न कारण होला । जति अभ्यास समितिहरुमा हुनुपर्छ । त्यो हुन सकेको छैन । संसद् चलेको अवस्थामा पनि समिति चल्न सक्छ । त्यो भइरहेको छैन । धेरै समितिहरुले प्रभावकारीरुपमा काम गर्न सकेको अवस्था देखिँदैन । सबैभन्दा बढी महत्वपूर्ण समिति राज्यव्यवस्था समिति हो । यस समिति राज्य सञ्चालनका लागि खास गरी सुशासनका लागि महत्वपूर्ण छ तर जति समय दिनुपर्ने हो त्यति समय दिएको छैन ।

विभिन्न समितिका बेग्लाबेग्लै समस्या छन् । ती समितिलाई सभामुखले निर्देशन दिन सक्नुहुन्छ । सभामुखको नेतृत्वमा समितिलाई अझै प्रभावकारी बनाउन पनि सकिन्छ । समितिमा कुन काम भयो वा भएन भनेर समीक्षा गर्ने परिपाटी छँदैछैन । बेलायत वा भारतसमेत संसदीय व्यवस्था अङ्गालेका विश्वका अधिकांश मुलुकका कुरा गर्ने हो भने त्यहाँ संसद थोरै समय चल्छ तर संसदीय समिति निरन्तर चलिरहेको हुन्छ । र अधिकांश समाधानहरु समितिबाट नै निकान्ने गरिन्छ । यो अभ्यास हामी कहाँ हुन सकेन र यो अभ्यास गर्न जरुरी पनि छ । समितिको महत्व बुझाउन सकेनौं । समितिको भागवण्डामा लागेर कहीं बलियो सभापति हुनुहुन्छ, कहीं कमजोर सभापति हुनुहुन्छ र कहीं अरुले 'ड्राइभ' गर्ने हुनुहुन्छ । क्षमताभन्दा भागबण्डामा गएपछि हुने यही हो । ससंदीय समितिहरु भागबण्डाको चलेको छन् । यसैले गम्भीर भएर समिति कसरी कामकाजी हुन सक्छन् सभामुखले अलगअलग समितिसँग बसेर समस्याको समाधान खोज्नुपर्छ । अहिलेको अवस्थामा यसलाई 'फास्ट ट्र्याक'मा लैजानुपर्छ जबकि विधेयक अघि बढ्न सकेका छैनन् ।

बाँकी पृष्ठ १२ मा



■ श्रीमन नारायण

# भारतमा मोदी म्याजिककै सम्भावना

दक्षिणी छिमेकी भारतको १८औं लोकसभाका लागि विभिन्न सात चरणमा चुनाव हुने क्रम जारी छ । अहिलेसम्म दुई चरणका चुनाव सम्पन्न भई तेस्रो चरणको चुनाव पनि सम्पन्न हुन लागेको छ । मत परिणाम जेष्ठ २२ गते सार्वजनिक हुनेछ । अधिकांश चुनावी विश्लेषकहरु र सञ्चार माध्यमहरुले चुनावअघि गराएको सर्वेक्षणमा प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी आफ्ना सहयोगी दलहरु सहित सजिलै बहुमत हासिल गरी अर्को ५ वर्ष सरकार चलाउने आंकलन गरेका छन् ।

स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरु पछि लगातार तेश्रो पटक प्रधानमन्त्री बन्ने दिशामा अग्रसर मोदी आफ्नो आकर्षक, ओजस्वी एवं प्रभावकारी भाषणका कारण पनि निकै लोकप्रिय मानिन्छन् । विगत १० वर्षदेखि सत्तामा विराजमान रहेर पनि आफ्नो लोकप्रियतालाई यथास्थितिमै कायम राख्नु सामान्य सफलता होइन । मोदीको लोकप्रियता कायम हुनुमा उनको सरकारद्धारा गरिब वर्ग, महिला, किसान एवं युवाहरुको हितमा चालिएका लोककल्याणकारी योजनाहरु तथा आन्तरिक एवं बाह्य सुरक्षाका क्षेत्रमा सरकारको कठोर एवं प्रभावकारी नीतिलाई पनि मानिन्छ ।

सन् २०१९ मा भएको लोकसभा निर्वाचनमा भारतीय जनतापार्टीले ३७.७ प्रतिशत मत सहित ३०३ सिट जितेको थियो जबकी २०१४ मा यसले ३१.३ प्रतिशत मत सहित २८२ सिट जितेको थियो । पाँच वर्षसम्म सरकारको नेतृत्व गरेर पनि मोदी नेतृत्वको भारतीय जनता पार्टीले ६ प्रतिशत भन्दा बढी मत र २१ सिट बढी जित्नु सामान्य उपलब्धि होइन । जारी चुनावको निम्ति पार्टीले आफ्नो निम्ति एक्लै ३७० र गठबन्धनका सहयोगी दलहरुसित ४०० सिट हासिल गर्ने लक्ष्य राखेको छ । साथै मत प्रतिशत पनि ५१ प्रतिशत हासिल गर्ने लक्ष्य राखेको छ । ४०० सिटको संख्या कतिपय विश्लेषकहरुलाई शुरुमा असम्भव जस्तो लागेको थियो तर पश्चिम बङ्गाल तथा दक्षिणका प्रान्तहरु तामिलनाडु, केरल र आन्ध्रप्रदेशतिर पार्टीको सिट संख्या बढ्ने सम्भावना देखिन्छ । राजनीतिमा लक्ष्य भने ठुलो नै राख्नु पर्दछ, फेरी भारतीय जनता पार्टी जस्तो अनुशासित, विशाल संगठन भएको र राष्ट्रिय स्वयंसेवक संघको संरक्षण प्राप्त पार्टीको निम्ति यस्तो लक्ष्य निर्धारण हुन अस्वभाविक पनि होईन ।

विपक्षी राजनीतिक दल र तिनका नेताहरुको आक्षेप र आरोपलाई पनि आफ्नो राजनीतिक अस्त्र बनाई, त्यसै अस्त्रमार्फत विपक्षी दलहरुलाई चुनावमा परास्त गर्ने कलामा मोदीलाई महारथ हासिल छ । सन् २०१४ को आम निर्वाचनमा आफ्ना विपक्षी दलहरुले लगाएको जाति अपमान सूचक शब्दलाई हतियार बनाएर चुनावी जनमत आफनो पक्षमा पार्नु र सन् २०१९ को आम निर्वाचनमा विपक्षी दलका नेता राहुल गान्धीले मोदीमाथि लगाएको भ्रष्टाचारको आरोप (चोकीदार नै चोर) भन्ने नारालाई आफनो प्रमुख राजनीतिक मुद्दा बनाउँदै मोदीसहित तिनका समर्थकहरुले "म पनि चौकीदार" भन्ने नारालाई प्रमुखताका साथ जनतामा लग्ने काम गरे । सन्तानविहिन र घर परिवार भन्दा दशकौंदेखि टाढा रहदै आएका मोदीले भ्रष्टाचार पनि गर्न सक्दछन् भन्ने तिल बराबर विश्वास पनि भारतीय मतदातालाई हुन सकिरहेको छैन ।

मोदी सरकारले राजस्वको अपचलन गर्ने माथि छानविन गर्न गठित प्रवर्तन निर्देशनालय (इडी) र भारतको सर्वोच्च अनुसन्धान विभाग सिबिआईले भ्रष्टाचारमा संलग्न विपक्षी नेताहरु माथि कारवाही गर्दा जनताले यसलाई मोदी सरकारको भ्रष्टाचार विरोधी अभियानको रुपमा दायर गरेका छन् जबकी मोदीका विरोधीहरु भने यसलाई विपक्षी नेताहरुलाई हिरासतमा राखी लोकतन्त्र सिद्धयाउने कार्यको रुपमा परिभाषित गरिरहेका छन् ।

भारतीय काँग्रेसका नेता राहुल गान्धीका प्रमुख सल्लाहकार तथा ओभरसिज काँग्रेसका प्रमुख सैम पित्रोदाले गत जनवरी २५ मा इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम) को निश्पक्षतामा प्रश्न गर्न भर्चुअल प्रेस सम्मेलन गरे । तथापि उनले हिमान्चल, कर्नाटक र तेलंगाना चुनावमा आफनो पार्टीको जितबारे सोधिएको प्रश्नलाई बेवास्ता गरे, जहाँ इभिएम प्रयोग गरिएको थियो ।

तिनै सैम पित्रोदाले आफ्नो पार्टी सरकारमा आए पैत्रिक सम्पति माथि ४५ प्रतिशतसम्म कर लगाउने प्रस्ताव राखेको र यसरी जफत गरिएका सम्पतिहरु जनसंख्याका आधारमा बान्छित व्यक्तिलाई उपलब्ध गराउने सुझाव दिएकोलाई पनि यस चुनावमा भाजपाले प्रमुख चुनाव हतियार बनाएको छ । प्रधानमन्त्री मोदी स्वयंले पनि काँग्रेसको सरकार सत्तामा आए व्यक्तिको सुन चाँदी, नगद, गहना र जग्गा जमीन खोसेर विदेशी अवैध अप्रवासीमा वितरण गर्ने भन्दै जनतालाई विपक्षी दलहरुवाट टाढा बस्न आग्रह गरिरहेका छन् । विपक्षी दलहरुको मोर्चामा सामेल विभिन्न दल बिचको वैचारिक द्धन्द्ध, विभिन्न दल भित्रको आन्तरिक द्धन्द्ध र टुटफुट साथै प्रष्ट एजेण्डाको अभाव र आफनो नेताको नाम सार्वजनिक गर्न असफल भईरहेको विपक्षले मोदीलाई चुनौती दिने सम्भावना देखिदैन । पश्चिम बङ्गाल, उडिसा, उत्तर प्रदेश, केरल, आन्ध्र प्रदेश, तेलङ्गाना, पञ्जाव र हरियाणा जस्ता राज्यका करिव साढे दुई सय स्थानमा त्रिकोणीय अथवा बहुकोणीय प्रतिस्पर्धा हुने निश्चित छ ।

उत्तर प्रदेशमा रहेका ८० सिटलाई सर्वाधिक महत्वपूर्ण मानिन्छ तर दलित नेतृ एवं पूर्व मुख्यमन्त्री मायावती बहुजन समाज पार्टीले एक्लै चुनाव लड्ने घोषणाले विपक्षी गठबन्धनको ढाडलाई नै भाँचि दिएको छ । पश्चिम बङ्गालमा पनि त्यहाँकी मुख्यमन्त्री ममता बनर्जीले काँग्रेस र कम्युनियष्टलाई वास्ता नै गरिनन् । विभाजित विपक्षले बलियो मोदीलाई चुनौति दिने अवस्था देखिदैन ।

प्रधानमन्त्री मोदी भारतीय जनता माझ लोकप्रिय हुनुका कारण पनि छन् । महिला, गरिब र सहरी मध्यम वर्गीय, मतदातालाई प्राथमिकतामा राखेर सरकारले नीति निर्माणको काम गर्दै आएको छ । महिलालाई ३३ प्रतिशत आरक्षणको सुविधा प्रदान गरी तिनको मनोबललाई बढाउने काम गरिएको छ । गरिबहरुको निम्ति निर्माण गरिएको पक्की घरको साँचो पनि महिला गृहिणीलाई नै हस्तान्तरण गरिएको, महिलालाई धुवाँवाट जोगाउन प्रत्येक घरमा खाना पकाउने ग्यास चुलो सिलिण्डर उपलब्ध गराइएको छ । सुशासन, सुरक्षा र शान्तिको अनुभुति गराएर शहरी वर्गका तथा व्यापारी पृष्ठभुमिका मतदातालाई आकर्षित गर्ने काम गरेको छ । पछिल्ला दुई चुनावमा भ्रष्टाचार निर्मुल गर्ने, व्यापारिक वातावरण सुधार्ने, पूर्वाधारमा सुधार ल्याउने र राष्ट्रिय छवि पुनः स्थापित गर्ने वाचा गरेर भाजपाले यस वर्गको समर्थनलाई हासिल गर्न सफल भएको छ । त्यसबाहेक सुरक्षाकर्मीको मनोबल बढाउन आवश्यक सर सामग्री, अत्याधुनिक अस्त्र र सुविधाहरुवाट युक्त बनाइएको छ भने चीनसितको सिमावर्ती क्षेत्रमा वार्ता भन्दा पनि प्रतिकारको नीति अख्तियार गर्ने, पाकिस्तानको भूभागभित्र प्रवेश गरेर लक्षित ठाउँमा प्रहार गर्ने र समुद्री क्षेत्रमा पनि सदैव प्रतिकार गर्न तयार रहने अवस्थामा भारतीय सैन्य बल रहेको देखिन्छ । अन्तरिक्ष अनुसन्धानको क्षेत्रमा भारतले निरन्तर रुपमा गरेको प्रगतिले पनि मोदीलाई लोकप्रिय बनाएको छ । मुस्लिम महिलामा रहेको तीन तलाक सम्बन्ध विच्छेद प्रावधानको खारेजी, जम्मु काश्मिर राज्यका लागि विशेष प्रावधान रहेको धारा ३७० मा संशोधन र झण्डै ६ सय वर्षको प्रतिक्षा पश्चात अयोध्यामा राम मन्दिरको निर्माण कार्यले मोदी सरकारलाई भारतीय मतदाता माझ लोकप्रिय बनाएको छ ।

सनातन धर्म संस्कृति माथि गर्व गर्नु, यसको संरक्षण गर्नु र यसभित्र निहित मानव जाति र विश्व कल्याणका भावनालाई विश्वमाझ प्रसार गर्नमा पनि मोदी सरकार सफल रहेको छ । भारतीय जनताले यसलाई सांस्कृतिक पुनर्जागरणको अवसरको रुपमा पनि लिएका छन् । मोदी सरकारले आयुष्मान भारत योजना अन्तरर्गत प्रत्येक नागरिकको स्वास्थ्य उपचारका लागि पाँच लाख भारतीय रुपैयाँसम्मको विमा गरि दिएको छ भन्ने किसानहरुको खातामा वार्षिक १२ हजार रुपैयाँ जम्मा गरी मल र बिउको खरिदमा सहयोग गर्दै आएको छ ।

कोरोना कालदेखि नै करोडौ भारतीयलाई निशुल्क खाद्यान्न उपलब्ध गराउँदै आएको छ । सन् २०२९ को लोकसभा निर्वाचन देखि ३३ प्रतिशत सिट महिलाहरुका लागि आरक्षित रहनेछन् । मोदीले कम्युनिष्ट मतदाताहरुको चाहनालाई सम्वोधन गर्दै आफुतिर आकर्षित गर्न सफल भएका छन् ।

दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्ने बाचा गरेर सत्तामा आएको भाजपाले कोरोनाको महासंकटका वावजुद देशलाई आठ प्रतिशतको आर्थिक वृद्धिदरमा कायम राख्न सफल भएको छ । विश्वको पाँचौ ठुलो अर्थ व्यवस्था बनेको भारत सन् २०३० सम्म विश्वको तेश्रो ठुलो अर्थ व्यवस्था बन्ने प्रक्षेपण गरिएको छ । अहिले विश्व राजनीतिमा अमेरिका, चीन र भारतकै चर्चा सर्वाधिक हुने गरेको पाईन्छ । केहीअघि मात्रै अमेरिकी प्रतिष्ठित पत्रिका "टाईम म्यागजीन" ले अनस्टपेबल मोदी भन्ने शीर्षकमा मोदीको बढ्दो लोकप्रियता र प्रभाव बारे सविस्तार लेखेको छ । साँच्चिकै मोदी अनस्टोपेबल नै छन् त ? भारतीय मतदाताको रुझान त यस्तै देखिन्छ ।

## उपनिर्वाचनले यसरी लगायो...

उम्मेदवार डकेन्द्रसिंह लिम्बुले ११ हजार ४५७ मत ल्याउनु भयो । स्वतन्त्र उम्मेदवा डेकेन्द्रलाई धरान उपमहानगरपालिकाका मेयर हर्क सम्पाङले पनि साथ दिनु भएको थियो । उहाँको प्रचार प्रसारका लागि मेयर सपाङ आफै इलाम पुग्नु भएको थियो ।

तर त्यहाँ सम्पाङको पनि जादु चलेन । जब कि धरान उपमहानगपालिकामा चुनाव जित्दा उहाँको निकै चर्चा भएको थियो । अहिले पनि उहाँ चर्चमा रहनु भएको छ तर इमालमा उहाँको जादु चलेन । स्वतन्त्र उम्मेदवारहरुलाई पहिचानवादी सम्पूर्ण शक्तिले साथ दिएका थिए । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, राजेन्द्र महता नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्ति, प्रभु साह नेतृत्वको आम जनता पार्टीलगायतका दलहरुले उहाँलाई साथ दिनुभएको थियो । तैपनि उहाँले त्यहाँ बाजी मार्न सक्नु भएन । गृहमन्त्री रवि लामिछाने नेतृत्वको रास्वपाका उम्मेदवार मिलन लिम्बुले पाँच हजार ५० मत ल्याएर चौथो स्थानमा सिमित रहनुभयो । उहाँको जमानत पनि जफत भयो ।

काँग्रेस निकट रामजी दाहाल भन्नुहुन्छ, 'जब कि इलाम-२ मा सबभन्दा मेहनत रवि लामिछानेले गर्नुभएको थियो, सो क्षेत्रमा सबभन्दा बढी आक्रमक ढंगले उहाँले नै लाग्नु भएको थियो । उपप्रधानसहित गृहमन्त्री भएको कारणले रवि लामिछानेले सम्पूर्ण शक्ति इलाम-२ मा लगाई सक्नु भएको थियो । सबभन्दा बढी सभा सम्मेलन, कार्यक्रम उहाँले नै गर्नुभएको थियो । आफ्ना पार्टीबाट मन्त्री भएकाहरुलाई इलाममा नै राख्नु भएको थियो । तर उपचुनावमा उहाँको पार्टीको बुरा हाल भयो ।' जमानत नै जफ्त भएपछि रवि लामिछाने निराश भएर इलामबाट काठमाडौं फर्केपछि ०८४ का लागि चुरीफूरी बन्द भएको टिप्पणीहरु भइरहेको छ ।

डा.सिके राउत नेतृत्वको जनमत पार्टी नौ नम्बरमा सिमित रह्यो । त्यो पार्टीका उम्मेदवार प्रेमकुमार थाम्सुहाङले ११८ मत मात्र ल्याउनु भएको थियो । जब कि सिके राउतका शीर्ष सबै नेताहरु इलाममा डेरा जमाएर बस्नु भएको थियो । डा.सिके राउत पनि आफै पनि पटक पटक इलाम पुग्नु भएको थियो तर त्यहाँ उहाँको जादु चलेन । राजसंस्थाको वकालत गर्ने राप्रपा नेपाल सातौ स्थानमा रहेर ४०४ मत ल्याएको थियो भने छैठो स्थानमा माधवकुमार नेपाल नेतृत्वको पार्टी नेकपा (एस) खुम्चियो । त्यो पार्टीका उम्मेदवार जीतबहादुर राइले ४०८ मत मात्र ल्याउनु भयो । इलाम-२ को निर्वाचनमा १९ उम्मेदवारमध्ये १६ जनाको जमानत नै जफत भयो । त्यसमा अधिकाँश आफूलाई वैकल्पिक शक्ति घोषणा गर्नेहरु नै थिए ।

**बझाङमा पनि एमाले**

बझाङ-१ को (क)मा भएको प्रदेश सभाको उपचुनावमा ३० हजार ३३७ मत खसेको थियो, त्यसमा २९ हजार ७०५ मत सदर भएको थियो । त्यहाँ ६१ हजार ७४८ मतदाता रहेका छन् । सो क्षेत्रमा एमालेका दमनबहादुर भण्डारीले ११ हजार ६१३ मत ल्याएर विजय हुनुभएको छ भने दोस्रो स्थान ल्याउनु भएको काँग्रेसका अभिषेक बहादुर सिंहले ११ हजार ३४६ मत ल्याउनुभयो ।

तेस्रो स्थानमा कायम रहन सफल माओवादी केन्द्रका उम्मेदवार जनकबहादुर बुढाले तीन हजार ८३१ मत ल्याउनुभयो । चौथो स्थानमा रहनु भएका नेकपा (एस)का उम्मेदवार दिलबहादुर सिंहले दुई हजार ५१४ मत ल्याउनु भएको थियो भने राप्रपाका रामबहादुर जाग्रीले जम्मा ४४ मत ल्याउनुभयो । जनमत पार्टीका नेतृ सुशिलादेवी विष्टले २६ मत मात्र ल्याउनु भयो । रवि लामिछानेको पार्टी प्रदेश सभामा चुनाव लड्दैन ।

अर्थात २०८४ को चुनावमा ठूला दललाई बढारि दिने कसम खाएका लगभग सबै दलको जमानत नै जफत भएका छन् । सबभन्दा बढी हालत खराब त एमालेबाट अलग भएर पार्टी खोलेका माधवकुमार नेपालको पार्टी नेकपा (एस)लाई भएको छ । पार्टी विभाजन गरेदेखि लगातार सरकारमा रहेको नेकपा (एस)ले चुनावमा आफ्नो जादु देखाउन सकेन । २०८४ को चुनावमा के हालत हुने हो त्यो हेर्न बाँकी छ ।

**मिनि जनमत**

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन भएको मध्यान्तर समयमा भएको यो उपनिर्वाचनको परिणामले २०८४ को चुनावमा नयाँ पार्टीहरुको बोलबाला रहने छाप मतदातामा छाडिएको थियो । कम से कम यो पछिल्लो उपचुनावले अन्त्य गरेको छ । यसलाई अगामी निर्वाचनका लागि मिनि जनमतका रुपमा लिइएको छ ।

नयाँ पार्टीहरुले चुनाव जितेको तीन वर्ष नपुग्दै ती दलहरुको लोकप्रियता घटेको छ । ती दलका नेताहरुले हल्ला गरेर, झुठा झुठा आश्वासन दिएर जनतालाई भ्रममा राखि चुनाव जित्नु भएको थियो । तर चुनाव जितेपछि त्यसमध्ये एउटा पनि प्रतिवद्धता तथा अश्वासन पुरा गर्न सक्नुभएको थिएन । ती नयाँ भनाउँदा दलहरु चुनाव जितेर आएपछि पुरानै दलको पथमा हिड्न थाले । संसदीय राजनीतिको जोड घटाउमा लागे । सत्ताको दौडधुपमा लागेर सरकारमा पनि पटक पटक सहभागी भए । बरु पुराना दलहरुले केही काम गरे तर नयाँ दल मनाउँदाहरुले अलमलमै रहे । संसदमा काम गर्नुभन्दा बढी हल्ला गर्नु, लोकप्रियताका लागि विभिन्न स्टन्ट गर्नु, यी सब कुरा जनता एकदमै नजिकबाट हेरिरहेका थिए । यी सबले गर्दा नयाँ भनाउँदा पार्टीहरुको लोकप्रियता घट्दै गयो र उपनिर्वाचनमा जनताले त्यसको परिणाम देखाइ दियो ।

अन्तरवार्ता



# के उपेन्द्रजी प्रधानमन्त्री बन्नुहुँदैन र ?

**सीताराम अग्रहरी**

प्रेस सल्लाहकार, मधेश प्रदेश सरकार

लामो समय मुलधारको पत्रकारिता गर्नुभएका सीताराम अग्रहरी जनता समाजवादी पार्टी नेपाल नेतृत्वको मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवको मात्र प्रेस सल्लाहकार होइन मधेश सरकारकै प्रेस सल्लाहकार हुनुहुन्छ। उहाँलाई नियुक्ति दिँदा त्यही भनिएको छ। तर मधेश सरकारले उहाँसँग कहिले कुनै सल्लाह लिएन। उहाँ आफैले पनि सल्लाह दिँदा त्यो कहिले स्विकारोक्ति भएन। गोरखापत्र जस्तो पुरानो पत्रिकाको प्रधानसम्पादक तथा व्यवस्थापकीय भूमिकामा रही सक्नु भएका सीताराम अग्रहरी भन्नुहुन्छ, 'मधेश सरकारले मबाट फाइदा लिन सकेन।' जसपा नेपाल विभाजन भएको छ। उहाँ यसमा उपेन्द्र यादवको पनि कमजोरी देखाउनु भएको छ, सामाजिक सञ्जालमार्फत आलोचनात्मक टिप्पणी गर्दै आउनु भएका वरिष्ठ पत्रकार सीताराम अग्रहरीसँग जसपा नेपाल विभाजन, मधेश सरकारको काम कारवाहीलगायतको विषयमा प्रस्तुत छ, सहारा टाइम्सले गरेको कुराकानीको सम्पादीत अंशः

**तपाई मधेश प्रदेशका मुख्यमन्त्रीका प्रेस सल्लाहकार हुनुहुन्छ, राजनीति कुरा गर्न मिल्छ कि मिल्दैन थाह छैन तैपनि हाम्रो एउटा जिज्ञासा जसपा नेपालमा विभाजनको घटना कसरी हुन गयो त्यो घटनालाई तपाईले कसरी लिनुभएको छ ?**

एउटा कुरामा स्पष्ट के हुनुहोस् भने म मुख्यमन्त्रीको प्रेस सल्लाहकार होइन, मधेश सरकारकै प्रेस सल्लाहकार हुँ। त्यसमा मुख्यमन्त्री पनि आउनु हुन्छ। अर्को कुरा, म पार्टीमा आवद्ध छैन, पार्टीमा कही कतै संलग्नता छैन। जसपा विभाजनको घटना मसँग रिलेटेड छैन। यो घटना हुनुको पछाडि शक्ति केन्द्रहरुको हात रहेको कुरा तपाईहरुले पनि थाह पाइसक्नु भएको छ। त्यसबाहेक पार्टीभित्र केही आन्तरिक समस्याहरु छन्। समस्या जसपा नेपालमा मात्र पनि होइन, अन्य पार्टीहरु पनि छन्। काँग्रेसमा गिरीजाप्रसाद कोइरालाको पालामा गणेशमान सिंह, शेरबहादुर देउवासँग राम्रो थिएन। त्यही भएर पार्टी विभाजन भएको थियो। एमालेमा पनि केपी शर्मा ओली र माधवकुमार नेपालको राम्रो थिएन। पार्टी नै विभाजन भयो। पार्टी विभाजन भए पनि अझै त्यो पार्टीमा विवाद देखिन्छ। अर्थात हरेक पार्टीमा आन्तरिक विवाद देखिन्छन्। हरेक पार्टीमा गुट उपगुटहरु छन्। समस्याहरु छन्। जसपा नेपालमा पनि केही समस्या छन् तर कतैबाट निर्देशित भएर त्यो पार्टी विभाजन भएको हो। कसैको निर्देशनमा त्यो पार्टी विभाजन भएको हो। म त पार्टीको आधिकारिक व्यक्ति त होइन तर पार्टीभित्र असन्तुष्टिहरु थिए, ती असन्तुष्टिलाई समयमा सम्बोधन गरिएन र त्यसका फाइदा अरु दलले उठाए र पार्टी नै विभाजन गर्दिए।

**तपाईले भन्नुभयो पार्टीमा केही आन्तरिक समस्या र असन्तुष्टिहरु छन्, पार्टीमा कस्तो खालको समस्या र असन्तुष्टिहरु छन् जस्तो लाग्छ तपाईलाई ?**

पार्टीको समस्या भनेको 'राइट म्यान इन राइट प्लेस'को समस्या हो। जो उपयुक्त व्यक्ति छन् उसले ठाउँ पाउदैनन् जो अनुपयुक्त व्यक्ति छन् जहाँ त्यही ठाउँ पाइरहेका छन्। अवसर पाएकाहरु सबै अनुपयुक्त नै छन् भने होइन। तर कतिपय अवस्थामा अवसर नपाउनेहरु अवसर पाएका छन्। जसले गर्दा पार्टीमा तलदेखि माथिसम्म एक खालको भित्रभित्रै असन्तुष्टि भएको मैले पाए। म मधेश प्रदेशमा बस्छु। म त्यहाँका सरकारलाई हेर्छु जनतासँग इन्ट्रयाक्ट कसरी गर्ने, उसको समस्या कसरी समाधान गर्ने त्यतातिर ध्यान दिएको देख्दिन म। पार्टीको समस्या एकातिर छ तर समस्या समाधान गर्ने गरी काम भइरहेको छैन। यसमा जसपा नेपाल मात्र दोषी होइन, सत्ता गठबन्धनका अन्य दलहरु पनि दोषी छन्। मधेशी जनताले मधेश सरकार गठन भयो अब हाम्रो समस्या समाधान हुन्छ भनि अपेक्षा गरेको थियो। तर समाधान भएन। अहिलेको कुरा गर्ने हो भने पार्टी विभाजन एउटा विचार, सिद्धान्त तथा नीतिको कारणले भन्दा पनि व्यक्तिगत स्वार्थका कारण विभाजन भएको हो।

**मधेश सरकारले डेलिभरी दिन सकेन भन्ने कुरासँग पार्टी विभाजनको के तारतम्य छ ?**

होइन, तारतम्य भन्दा पनि जनताले खोज्ने, पार्टीभित्र उठ्ने, यसको नाममा निहुँ खोज्ने कारण बन्न सक्छ भनेको मात्र हुँ। मधेश सरकारले डेलिभरी दिन नसकेको कारणले मात्र पार्टी विभाजन भएको हो भने होइन। तर अशोक राइजीहरुको अभिव्यक्ति सुन्दा मधेश सरकारमाथि पनि औंला उठाउनु भएको छ, प्रश्न उठाउनु भएको छ। मधेश प्रदेश मात्र कारण नहोला। नहुन पनि सक्छ। तर यो विभाजन डेलिभरको कारण विभाजन भएको हो जस्तो मलाई लाग्दैन। पार्टीले यो वा त्यो फलानो, चिलानो गर्न सकेन भनेर उहाँहरुले भन्न सक्नु भएको छैन। पार्टी विभाजनको स्पष्ट कारण देखाउन उहाँहरुले सक्नु भएको छैन। पार्टी विभाजनको सैद्धान्तिक आधार देखाउन सक्नु भएको छैन उहाँहरुले। उहाँहरुले पार्टी अध्यक्षमाथि हैकमवादीको आरोप लगाएको कुरा मिडियाहरुमा आएका छन्। यो आरोप होइन। यो आत्मरोदन मात्र हो। सैद्धान्तिक तथा वैचारिक धारातलमा उभिएर उहाँहरुले भन्नुपर्थ्यो, 'पार्टीमा यो यो गर्नुपर्ने थियो गरेन, हामीले पटक पटक भन्यौ, अवाज उठायौं तर गर्नुभएन।' तर उहाँहरुसँग आरोप लगाउने कुनै आधार नै थिएन।

**अशोक राइहरुको खासमा असन्तुष्टि केमा थियो ?**

उहाँहरुको असन्तुष्टि के थियो भने कुरा बाहिर आएको छैन। उहाँहरुले पनि आफ्नो असन्तुष्टिको बारेमा भन्नुभएको छैन। पार्टी नेतृत्वसँग उहाँहरुको केही चाहना होला, केही डिमाण्ड होला त्यो कुरा बाहिर आएको छैन। सांसद बन्ने, मन्त्री बन्ने, पार्टीमा पद पाउने आकाँक्षा सबैमा हुन्छन्। तर सानो पार्टी, एउटा दुईटा मन्त्री पाउँछ एक जनालाई दिँदा अर्कोको चित्त दुख्छ, अर्कोलाई दिँदा फेरि अर्कोको चित्त दुख्छ। चित्त बुझाउन गाह्रो छ। पार्टीका अध्यक्ष उपेन्द्र यादव सरकारमा आफै पटक पटक जाने गर्नुभएको छ, त्यसको पनि आलोचना छ। तर म भन्छु यो कुनै ठूलो कुरा होइन। यस्ता खालको कुनै असन्तुष्टि वा गुनासो छ भने सिधै नेतृत्वसँग कुरा गर्न सकिन्थ्यो तर उहाँहरु पार्टी नेतृत्वको अनुपस्थितिमा रातारात पार्टी विभाजन गर्नुभयो। पार्टी नै विभाजन गर्नु थियो भने पार्टी नेतृत्वसँग टेबल टक गरेर आफ्नो कुरा राखेर अलग हुँदा पनि हुन्थ्यो। पार्टीका अध्यक्ष मुलुक बाहिर हुनुहुन्छ जसलाई कार्यवाहक अध्यक्ष दिइएको छ त्यही व्यक्ति पार्टी विभाजनमा लाग्नुभयो। यो ठूलो अपराध हो। उहाँहरु गए पनि अहिले पनि पार्टीका ठूलो पंक्ति पार्टीका अध्यक्ष उपेन्द्रजीको पक्षमा छन्। अहिले पनि उहाँका साथमा रहेका सबै जना सन्तुष्ट छन् त्यो म भन्न सक्दिन। जो जो पार्टी छाडेर जानु भएको छ, यो पार्टी बनाउनमा उहाँहरुको पनि लगानी छ। तर कसैको लहै लहैमा तत्कालिन लाभका लागि कसैबाट निर्देशित भएर पार्टी विभाजन गरेर जानु भएको छ।

**उहाँहरु कहाँबाट निर्देशित हुनुभएको छ ?**

यो कुरा सबैलाई थाह भएकै कुरा हो। सबै कुरा छर्लङ भएका छन्। मधेश प्रदेश सरकारबाट माओवादी र एमालेले समर्थन फिर्ता लिएको छ। त्यसबाट पनि बुझ्न सकिन्छ कि कहाँबाट कसले के गरेका छन्। एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग के कुरामा डिफरेन्सेज भयो थाह छैन तर जसपा नेपाल विभाजन गर्नमा उहाँको मुख्य भूमिका रहेको छ। माओवादीका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले पनि सहकायक भूमिका खेल्नु भएको छ। पहिला पहिला त भारत र चीन लागेर पार्टी विभाजन गर्थे तर यसपटक एमाले र माओवादीका शीर्ष नेताहरु लागेर पार्टी विभाजन गर्नुभएको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवजी अमेरिकाबाट फर्केपछि प्रधानमन्त्री प्रचण्डलाई भेट्न जानु भएको थियो। त्यहाँबाट सकारात्मक प्रतिकृया आएको थिएन। अहिले अदालतमा पनि मुद्दा विचाराधिन छ। अहिलेको गठबन्धन बनाउनमा उपेन्द्रजीको मुख्य भूमिका रहेको थियो। गठबन्धन बनाउनका लागि उहाँले जे भूमिका खेल्नुभयो। त्यसलाई बचाउन तथा बलियो बनाउन पनि त्यही भूमिका खेल्नु भएको छ।

**जसपा नेपाल विभाजन गर्नुमा केपी शर्मा ओली र प्रचण्डको स्वार्थ के हो जस्तो लाग्छ तपाईलाई ?**

मैले जे सुनेको छु, जो मार्केटमा आएको छ, एउटा एजप्सन के बनेको छ भने उपेन्द्र यादव प्रधानमन्त्री बन्न चाहनु भएको थियो रे त्यो रोक्नका लागि जसपा नेपाल फुटाइएको हो रे। त्यो कुरामा कति सत्यता छ त्यो थाह छैन। तर राजनीतिमा कोही पनि जोगी बन्न आएका होइनन्। राजनीतिमा आएपछि सांसद, मन्त्री, प्रधानमन्त्री नै बन्ने हो अरु के नै गर्नु छ र। यदि कुरा सही हो भने के उपेन्द्रजी प्रधानमन्त्री बन्नु हुँदैन र ? यदि उपेन्द्रजी प्रधानमन्त्री बन्नका लागि प्रयास गर्नुभएको छ भने सही गर्नुभएको छ। ओली, प्रचण्ड, देउवा, नेपालहरु आफू प्रधानमन्त्री बन्नका लागि सबै थोक गर्न मिल्ने, उपेन्द्र यादवले किन गर्न नमिल्ने ? प्रधानमन्त्रीका लागि ट्राइ गर्दैमा पार्टीयै फुटाई दिने यो कहाँको न्यायसंगत कुरा हो। यसका लागि ओली र प्रचण्डले उपेन्द्रसँग कुरा गर्दा पनि हुन्थ्यो। तर कुनै सल्लाहै नगरकीन पार्टी फुटाउने काम भएको हो। एमाले र माओवादीले शक्तिको दम्भ देखाएका हुन्।

**यो दम्भ देखाउने काम जसपा नेपालमाथि नै किन त अरु अरु पार्टी पनि थिए जसपा नेपाललाई मात्र किन टार्गेट गर्‍यो त ?**

एमाले र माओवादीलाई लागेको होला कि उपेन्द्रजीले हाम्रो गद्दी (राज्यसत्ता) खोस्न लाग्नुभएको छ। नयाँ समिकरण बनाएर आयो भने हामीलाई गाह्रो बनाउन सक्छ भनेर नै मधेशमा सबभन्दा शक्तिशाली पार्टी जसपा नेपाललाई नै हिर्कायो भने त्यसको असर मधेशसम्म पनि पुग्छन् र त्यसै उहाँहरुले गर्नु पनि भयो। उपेन्द्रजी प्रधानमन्त्रीका लागि प्रयास गर्नुभएको हो जस्ता मलाई लाग्दैन। त्यसको गाँइगुँइ पनि सुनेको थिइनन्। यदि कुरा सही हो भने म त्यसलाई अन्यथा पनि मान्दिन।

**भन्नाले उपेन्द्रजीलाई प्रधानमन्त्री बन्नेबाट रोक्नका लागि पार्टी फुटाइएको हो ?**

यसको बारेमा कतैबाट आधिकारिक कुरा आएको छैन। प्रधानमन्त्री प्रचण्ड र केपी ओलीबाट पनि यसको बारेमा कुनै चर्चा भएको छैन। बाहिर बजारमा आएको हल्लाको आधारमा सबैले चर्चाको विषय बनाइएको हो। विवाद त अहिले एमालेभित्र पनि छ, माओवादीभित्र पनि छ। यस्तै रह्यो भने माओवादी फट्दैन भनि भन्न सकिदैन। एमालेमा पनि असन्तुष्ट नेताहरु आफ्नो ग्रुप बनाइ रहेका छन्। सीशाको घर हुनेहरुले अरुको घरमा इट्टाले हिर्काउनु हुँदैन।

**जसपा नेपाल विभाजन भएकै दिनदेखि तपाईले आफ्नो फेसबुकमार्फत कतै नकतै तपाईले उपेन्द्र यादवलाई दोषी देखाइरहनु भएको छ, तपाईको नजरमा उपेन्द्रजी दोषी कहाँ हुनुहुन्छ ?**

मैले दोषी नै भनेको छैन। मैले कमजोरी मात्र देखाइ रहेको छु। दोषी र कमजोरी फरक कुरा हुन्। कमी कमजोरी त हुन्छ नै। पार्टी सञ्चालन गर्ने कुरामा केही लापरवाही भएको हो जस्तो लाग्छ। पार्टीको नाममा कोही कतै पदमा पुगेका छन्, मन्त्री भएका छन् सांसद भएका छन् अर्थात विभिन्न पदमा छन् तर उनीहरुले के गरिरहेका छन्, जनताको भरोसा जित्न के कति काम गरिरहेका छन्। ती कुरामा नजर अन्दाज गरेको मैले पाएको छु। कहाँ के भइरहेका छन्, ती कुराको बारेमा कही न कहीबाट पक्कै थाह पाउनु भएको होला तर त्यसप्रति कुनै सुनुवाई नै गर्नुभएन। सात प्रदेशमध्ये सबभन्दा ठूलो ल्याब मधेश प्रदेशमा छ तर त्यसको अवस्था हेर्दा रुन मन लाग्छ।

**यसको दोषी उपेन्द्र यादव हुनुहुन्छ त ?**

उपेन्द्र यादव होइन, जो मान्छे त्यहाँ खटेका छन् ती दोषी हुन्। सरकारको संयन्त्र छ नि त्यसलाई परिचालन गर्नुपर्छ। त्यसलाई निगरानी राख्नुपर्छ। यसमा म उपेन्द्र यादवलाई मात्र दोषी देख्दिन। अरु जो पनि हुनसक्छन्। तर मधेश उहाँको बेस हो। मधेशको विद्रोहबाट जन्मनु भएका कारणले उपेन्द्र यादवले त्यहाँको जस

बाँकी पृष्ठ १२ मा



# मिथिला चित्रबाला

- मञ्जुलाको कुरा सुन्दा २६ वर्षअघिको मधेशको मुस्लिम समाजको याद आउँछ। त्यसमा पनि श्रीमान गुमाउनु भएको एउटा नारीको अवस्था। तर त्यसलाई चिरेर अगाडि बढिन् जनकपुरधाम उपमहानगरपालिका–४ शान्तिनगरकी मुन्नी खातुन
- मुन्नी खातुनकै जस्तो अवस्था रमणी मण्डलको पनि रहेको छ। १३ जना परिवारको जिम्मेवारी रमणीको टाउकोमा थियो। उहाँले दिनमा नारी विकास केन्द्रमा काम गर्नुहुन्थ्यो भने साँझ तरकारी बेच्नु हुन्छ अनि मात्र १३ जनाको परिवारलाई पालि रहनु भएको छ
- जनकपुरधाम-१० देवीचोकको सीतादेवी कर्णलाई पनि मिथिला चित्रकलाले नाम, दाम र प्रतिष्ठा सबै दियो। यहीँ कलाले उनलाई बेल्जियम, अमेरिका, काठमाडौँलगायत भारतका विभिन्न ठाउँमा गएर आफ्नो कला प्रदर्शन गर्ने अवसर दियो

**सुमिन्द्रा यादव**

"केही समय घरमै बसेर आफ्नो कलालाई निखारे। पछि २०४८ सालतिर घरबाट समाजमा निस्किएँ। विवाहपछि घरमै मिथिला कलाको अभ्यास गर्न थालेँ। मैले काठमाडौंमा आयोजित १० दिने भित्ता चित्रकला कार्यशालामा भाग लिने मौका पनि पाएँ। त्यो तालिमपछि मलाई जनकपुर नारी विकास केन्द्रमा काम गर्ने मौका प्राप्त भयो

कुरा २०४३ तिरको हो । त्यतिबेला अहिलेको जस्तो मधेश समाज खुल्ला थिएन, एकखालको बन्द समाज थियो । त्यतिबेलाका महिलाहरु घुँघटमा हुन्थे नै त्यसमा पनि चार दिवारी (चारैतिरबाट पर्खाल भएको)भित्र रहनु पर्थ्यो । घरको चार दिवारी नाघेर बाहिर निस्किन सजिलो थिएन मधेशका महिलालाई । त्यतिबेला समाजका मूल्यमान्यता, परिवारका इज्जत प्रतिष्ठाका भारी सकि नसकी बोकेर हुर्किंदै हुनुहुन्थ्यो जनकपुरधामकी मञ्जुला ठाकुर ।

खुसी के हो ? समाज के हो ? जिम्मेवारी के हो ? भनेर प्रष्ट छुट्याउन सक्ने अवस्थै बनेको थिएन उहाँको । त्यहीँबेला १२ वर्षकै उमेरमा उहाँको विवाह भयो । समय त्यस्तै थियो, कलिलो काँधमा असाधारण जिम्मेवारीको भारी थपिएपछि सकि नसकी माइतीको इज्जत र पोइलीघरको जिम्मेवारी धान्नैपर्ने भयो ।

"कलिलै उमेरमा जिम्मेवारी थपियो । जानेको केही थिइनँ । त्यो समय र आफ्नो जीवन नै बोझ लाग्दै थियो । के गर्ने, के नगर्ने छुट्याउने उमेर पनि त भएको थिएन नि । तर पनि बाँच्नु त पर्यो", उहाँले त्यो समय सम्झिँदै भने । मञ्जुलको उमङविहीन त्यो समयलाई रङ्गिन बनाउन आमाले सिकाइ दिएको 'पेन्टिङ् कला' रङ भर्ने माध्यम बन्यो । जीवनमा रङ भर्ने माध्यम मात्रै बनेन स्वावलम्बनको आधार र घरमा बसेर आश्रित जीवन बाँचिरहेका अरु नारीहरूलाई संगठित गर्ने आधार पनि बन्यो ।

२०४८ सालको समय हुँदो हो, महिना त ठ्याक्कै भन्न सक्नुभएन उहाँले । अर्धघुम्टोमा घरको चौघेरा नाघेर निस्किएको वर्ष थियो त्यो ।

**घरघरमा वाल पेन्टिङ**

"केही समय घरमै बसेर आफ्नो कलालाई निखारे । पछि २०४८ सालतिर घरबाट समाजमा निस्किएँ । विवाहपछि घरमै मिथिला कलाको अभ्यास गर्न थालेँ । मैले काठमाडौंमा आयोजित १० दिने भित्ता चित्रकला कार्यशालामा भाग लिने मौका पनि पाएँ । त्यो तालिमपछि मलाई जनकपुर नारी विकास केन्द्रमा काम गर्ने मौका प्राप्त भयो । त्यो बेला महिलालाई घरबाट निस्किनै समस्या थियो । मलाई पनि सुरुमा त्यस्तै भयो । तर हिम्मत हारिन । बिहे, चाडपर्वको बेला घरघरमा गएर वाल पेन्टिङ् गर्न थाल्यौँ", मञ्जुलाले त्यो समय सम्झनुभयो, "सुरुमा गाह्रो भयो । गाउँघरको मान्छे कुरा काट्थे । कता जान्छ ? के गर्छ ? अरुसँग किन हिँड्छ ? जस्ता अनेक लाञ्छनासहितका प्रश्नले उडाउँथे । तर त्यसको कुनै प्रवाह गरिनँ", उहाँले सुनाउनुभयो ।

समय परिवर्तन हुँदै गयो । काम गर्दै जाँदा पैसा आउन थाल्यो । आयआर्जन भएपछि घरका समस्याहरू टार्न सहज भयो । गृहिणीको पहिचान कलाकर्मीमा बदलियो । त्यसपछि परिवारबाट समेत थप साथ पाउन थाल्नुभयो उहाँले । त्यसपछि त मञ्जुलाको समय, दिनचर्या नै बदलियो । अर्थोपार्जन भयो । समाजको भरोसा थपियो । अर्धघुम्टो पूरै उघार्ने अवस्था बन्यो ।

मञ्जुला भन्नुभयो, "मैले आफू मात्रै होइन, घरघरमा सीमित रहेका र घुम्टोसमेत उघार्न नचाहने महिलाहरूलाई आफ्नो अभियानमा जोड्न भूमिका खेले, जसका कारण अरु थुप्रै दिदीबहिनीलाई आर्थिक रूपले सबल बनाउन निकै सहयोग पुगेको छ । आर्थिक रूपले सबल हुनु भनेको महिलाको आत्मसम्मान र प्रतिष्ठासमेत बढ्नु हो नि ।"

कुनैबेला यस्तो समय आयो कि मञ्जुलालाई भ्याइनभ्याई भयो । आफ्नै समाजका चौकचौतारा, बजार, गल्लीहरूमा जानसमेत नपाउने जनकपुरकी एक महिला मञ्जुला पाँच पटक त धेरैले सपनाको देश भनिने अमेरिका पुग्नुभयो ।

**घुम्टो भित्रको कला**

त्यो क्षण सम्झिँदै उहाँ भन्नुहुन्छ, "त्यसबेलाको मधेशी समाजकी एउटा बुहारी, छोरी, श्रीमती, दिदीबहिनीलाई हेर्ने दृष्टिकोण सम्झिदा पनि नमीठो लाग्छ । मैले संस्कारको नाममा छोपिएको घुम्टो उघार्ने हिम्मत नगरेको भए आज यहाँ पुग्थिन होला । घुम्टोदेखि अमेरिकासम्मको त्यो चक्र सम्झिदा रोमाञ्चित पनि हुन्छु र दुःखी पनि । अहिलेको नयाँ पुस्ताका छोरी बुहारीलाई त धेरै सहज छ । अब उहाँहरू अगाडि आउनुपर्छ । त्यसमा सरकारले पनि सहयोग गर्नुपर्छ ।"

मिथिला कलाकारको हैसियतमा आफूलाई सुरुमा घरपरिवार र समाजबाट धेरै विरोधको सामना गर्नुपरे बताउँदै मञ्जुलाले त्यतिबेला आफूले परिवार तथा समाजबाट अप्ठ्यारो परिस्थितिको सामना गर्नुपरेको बताउनुभयो । उहाँको श्रीमानले उहाँलाई पेन्टिङ गर्न रोक्नु हुन्थ्यो र घरमा काम गर्न भन्नुहुन्थ्यो । तर त्यसबाट उहाँ कहिले डठमगाउनु भएन किनभने मञ्जुलालाई उहाँको ससुराको सहयोग थियो ।

**मुन्नी खातुनको मिथिला चित्रकाला**

मञ्जुलाको कुरा सुन्दा २६ वर्षअघिको मधेशको मुस्लिम समाजको याद आउँछ । त्यसमा पनि श्रीमान गुमाउनु भएको एउटा नारीको अवस्था । तर त्यसलाई चिरेर अगाडि बढिन् जनकपुरधाम उपमहानगरपालिका–४ शान्तिनगरकी मुन्नी खातुन । छ छोरी र एक छोराकी आमा मुन्नीको जीवनमा एकाएक बज्रपात भयो । २७ वर्षअघि श्रीमान बिते ।



# मा मधेशी महिलाको उडान

एक्लो ज्यान भए त जेनतेन जीवन चल्यो होला तर उहाँमाथि ती सबै लालाबालाको पालनपोषण गर्ने जिम्मेवारी आइलाग्यो । विकल्पहरू केही थिएनन् । "हिम्मत हार्नु हुँदैन रहेछ, अल्लाहले विकल्प दिइहाल्दा रहेछन् । घरमा सामान्य सिकेको पेन्टिङ कलालाई जीविकोपार्जनको आधार बनाउने सोच आयो । मेरो सीपलाई निखार्ने अवसर भने केही समयअघि खुलेको जनकपुर नारी विकास केन्द्रले दियो", खातुनले भन्नुभयो, 'धन्न त्योवेला छ सात सयमा परिवार चल्यो । अहिले त जति पैसा भए पनि पुग्दैन । त्यसमा पनि पेन्टिगं कुनै मूल्य नै छैन जस्तो लाग्छ ।"

खातुनले यहीँ पेशाबाट घरपरिवारको लालनपालनदेखि छोराछोरीको बिहेसम्म गरि दिएको सुनाइन् । उहाँले भन्नुभयो, "हो, पेन्टिङबाटै यो सबै सम्भव भएको हो । यदि यो सीप नभएको भए मैले सात छोराछोरीसहितको परिवार कसरी पालनपोषण गर्थें होला ? यही चित्रकलाबाट घरबार चल्यो, छोराछोरीको विवाह गरियो ।"

**रमणी मण्डलको अठोट**

मुन्नी खातुनकै जस्तो अवस्था रमणी मण्डलको पनि रहेको छ । १३ जना परिवारको जिम्मेवारी रमणीको टाउकोमा थियो । उहाँले दिनमा नारी विकास केन्द्रमा काम गर्नुहुन्थ्यो भने साँझ तरकारी बेच्नु हुन्छ अनि मात्र १३ जनाको परिवारलाई पालि रहनु भएको छ ।


उहाँले सो केन्द्रमा पेन्टिङ, सिलाई, सिरेमिक र मिरर पेन्टिङ सहित हरेक क्षेत्रमा काम गर्नुहुन्छ । उहाँसँग ती सबै क्षेत्रको ज्ञान रहेको छ । तर त्यहाँ जति मेहनत गरे पनि कमाई भइरहेको थिएन । बनाएका चित्रकलाहरु बिक्रि नहुँदा रमणी मण्डल निराश बन्नुभएको थियो । तर पछिल्लो समय बिस्तारै सबै चिन्ता दुर हुँदै गयो ।

उहाँ भन्नुहुन्छ, ' जब म सानो थिएँ, मैले मेरी काकीलाई कसरी चित्र कसरी कोर्ने भनि सिकाउन आग्रह गरें, तर उहाँले यो आफ्नो जिम्मेवारी नभएको भन्दै सिकाउनका लागि इन्कार गर्नुभएको थियो । त्यसपछि मन्दिरको भित्तामा चित्रहरू हेरेर कला अध्ययन गर्न थालें । मैले पेन्टिङ सिक्न धेरै मेहनत गरेको छु । अब म कागज र कपडामा रंग्न सक्छु । म गाई, गोरु, बाख्रा, माछा, र देवता र देवीका मूर्तीहरू चित्रण गर्न सक्छु ।'

चित्रकलामार्फत जीविकोपार्जन गर्ने पहिलो महिलाको रूपमा समाजमा आएपछि आफूले त्यो समाजबाट थुप्रै अपहेलनाहरु खेपेको बताउँदै रमणी भन्नुहुन्छ, 'मैले परिवार र समाजबाट आलोचनाको सामना गरें । तर यसले मलाई र मेरो कामलाई असर गरेको छैन । मेरो गाउँका अन्य महिलाहरू मसँगै केन्द्रमा काम गर्छन्, र उनीहरूलाई त्यहाँ देख्दा मलाई खुसी लाग्छ ।'

**सीतादवीलाई अवसर**

जनकपुरधाम-१० देवीचोकको सीतादेवी कर्णलाई पनि मिथिला चित्रकलाले नाम, दाम र प्रतिष्ठा सबै दियो । यहीँ कलाले उनलाई



मञ्जुला ठाकुर

बेल्जियम, अमेरिका, काठमाडौँलगायत भारतका विभिन्न ठाउँमा गएर आफ्नो कला प्रदर्शन गर्ने अवसर दियो । त्यसबाट आएको पैसाले परिवारको लालनपालनमा सहयोग पुग्यो । "म तीस वर्षदेखि यहीँ काम गरिरहेकी छु । गाह्रो अप्ठ्यारो त जुनसुकै पेशामा हुन्छ नै । तर यहीँ पेसाले म जस्ता तमाम नारीलाई नयाँ पहिचान दियो । देश दुनियाँ हेर्ने अवसर दियो", उहाँ भन्नुहुन्छ, "आफ्नो जीवन र आँखाको ज्योति रहेसम्म यो कलामा सर्मपित हुने चाहना छ । अब नयाँ पुस्तालाई यो क्षेत्रमा अगाडि बढ्नका लागि आफ्नो तर्फबाट सक्दो सन्देश फैलाउन योजना छ ।"

कर्णलाई मिथिला चित्रकलाप्रतिको लगाव भने उहाँको आमाले जागृत गराउनु भएको थियो । त्यसलाई निखार्ने अवसर भने जनकपुर नारी विकास केन्द्रले दिएको हो । "म बच्चादेखि नै यो कलामा लागेको हो । मेरो आमाले चाडपर्वमा गोबर, चामलको पिठोबाट परम्परागत चित्रकला बनाउनुहुन्थ्यो । त्यहींबेलादेखि चित्रकला सिक्ने भोक जोगको हो । नारी विकास केन्द्रले त्यसलाई निखार्न अभिप्रेरित गऱ्यो । त्यसको प्रस्थानबिन्दु भने २०५० साल थियो", कर्णले भनिन् ।

सो संस्थाले त्यसवर्ष ६३ जनालाई सहभागी गराएर चित्रकला प्रदर्शनीसहित अन्तर्वार्ता लिंदा त्यसबाट उत्कृष्ट प्रतिस्पर्धीका रूपमा छनोट भएर काम सुरू गरेको कर्णले जानकारी दिनुभयो । त्यसपछि नै उहाँको व्यावसायिक जीवन सुरू भएको हो । उहाँले छ महिनामै शाखाको व्यवस्थापक र मास्टर आर्टिस्ट, पछि संस्थाको सचिव, कोषाध्यक्ष र अध्यक्ष हुँदै २२ वर्षसम्म त्यहाँ काम गरेको स्मरण गर्नुभयो । उहाँ नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य पनि बन्नुभयो ।

**चित्रकालामा जन्मु भएका सुमित्रा**

जनकपुरकी सुमित्रा यादव पनि आफ्नो हातबाट मिथिला चित्रकाला सिक्नु भएको हो । सुमित्राका आमा पनि मिथिला पेन्टिङ गर्नुहुन्थ्यो । सुमित्रा यादवका आमाले उहाँलाई सानैदेखि मिथिला पेन्टिङ सिकाउनु भएको थियो । त्यसपछि उहाँ विराटनगर, राजविराज, सिरहा, काठमाडौं जस्ता विभिन्न ठाउँमा मिथिला चित्रकालाको तालिम लिनुभयो । उहाँ भन्नुहुन्छ, 'जब म जनकपुर नारी विकास केन्द्रमा आए अनि मात्र मेरा चित्रहरूले महत्वग पाउन थाले ।'

जनकपुर नारी विकास केन्द्रका अनुसार सुमित्राका चार जना छोराछोरी छन् । सुमित्राका श्रीमान बेरोजगार हनुहुन्छ । त्यसैले बालबच्चा पालनका लागि सुमित्राले दुध बेच्ने काम गर्नुहुन्छ । गाउँमा दुध खरिद गरेर बजारमा गएर बेच्नु हुन्छ । त्यसबाट बचेका समय उहाँ केन्द्रलाई दिनुहुन्छ ।

सुमित्रा भगवान राम, सीता, शिव, पार्वती, गणेश, कृष्ण, राधा, ग्रामिण परिवेश खेतीपाती, खाना उपभोग गर्ने, गाई, भैंसी, बाख्रा, र अन्य धेरै जनावरहरूको चित्र बनाउनु हुन्छ । सुमित्रा भन्नुहुन्छ, 'मलाई त्यसमध्ये ग्रामिण जीवन, त्यहाँको रहन सहन, त्यसको जीवनशैलीबाला चित्रकला निकै मन पर्छ र बनाउनमा पनि मन पर्छ ।' सुमित्रको मिथिला चित्रले अमेरिकाबाट ११ हजार र सिरहाबाट ५ हजारको पुरस्कार जितेको थियो । उहाँको मिथिला चित्रकला साउदी अरबका एक जना पत्रकारले पनि मन पराएको थियो । र, सुमित्राको चित्रकला पैसाबाट खरिद गर्नुभएको थियो ।

**सुलोचनाको जीवन रंग**

जनकपुरधाम-१० निवासी सुलोचना कर्णले पनि विगत ३० वर्षदेखि मिथिला चित्रकला कोर्दै आउनु भएको छ । निर्जिव वस्तुमा कोर्ने यहीँ चित्रकलाले आफ्नो जीवनलाई नै जिवन्त बनाइ दिएको उहाँको बुझाई छ । "यहीँ काम गरेर आफ्नो पहिचान बनाए । थोरै भए पनि यो कामबाट आर्जेको पैसाले घरपरिवार चलाउन योगदान पुग्यो । यो भन्नुको अर्थ त्यसले मलाई स्वावलम्बी, आत्मनिर्भर र प्रतिष्ठित जीवन बाँच्नका लागि जीवनमै रङ भरिदियो", उहाँले भन्नुभयो, । हुन त मिथिला चित्रकला मिथिलाञ्चलको पहिचान, कला, संस्कृति, भाषा, साहित्यको त्रिवेणी हो । त्यसैले यहाँका हरेक नारीहरू कुनै न कुनै रूपमा यो सीपसँग परिचित छन् । त्रेता युगमा मिथिला नरेश रामलाई जनकपुरमा स्वागत गर्न राजा जनकले यहाँका भित्ताभित्तामा मिथिला चित्र बनाउन लगाएको किंवदन्तीबाट सुरुभएको यो मौलिक सभ्यातालाई विशेषगरी यहाँका तिनै नारीहरूले धानिरहेका छन् ।

**नारी विकास केन्द्र**

शदिऔंदेखि सामान्यतः बिहे, व्रतबन्ध, चाडपर्वमा घरआँगन रङ्गाउन प्रयोग हुने यो कला महिलाले आफ्नो मनोभाव चित्रमार्फत व्यक्त गर्ने एक माध्यमका रूपमा मात्रै सीमित थियो । विसं २०५० पछि भने महिला स्वतन्त्रता, सम्मान र स्वावलम्बनका लागि बलियो आधार बनेको छ । त्यसको ठूलो श्रेय नारी विकास केन्द्रलाई जान्छ । विगतमा मिथिला क्षेत्रको सिङ्गो लोकगाथा, सभ्यता र मधेशको जीवन बोक्दै आएको यो कलाले पछिल्लो समय यहाँका नारीहरूको आर्थिक जीवनलाई पनि उचाल्न सघाउ पुगेको छ ।

"घुम्टो उघारेर अमेरिकासम्म पुग्ने । आर्थिक स्रोतमा बलियो पकड जमाउने र निर्भिकतापूर्वक स्वतन्त्र जीवन बाँच्ने आधारका रूपमा मिथिला चित्रकलालाई लिन सकिन्छ", मिथिला चित्रकलालाई आधुनिक स्वरूप दिन योगदान दिएका डा.राजेन्द्र विमल भन्नुहुन्छ, "मिथिला चित्रकला यहाँको भाषा, कला, साहित्य र संस्कृतिको संगम हो । यसले मैथिल सभ्यता बोल्छ । यहाँको लोकजीवन बोक्छ । नारी हृदयबाट प्रस्फुटित आत्मिक भाव र रुपलाई शब्दचित्रमा ओकेल्छ ।"

यसलाई थप सशक्त र व्यवस्थित बनाउने कार्यको सुरूवात भने नारी विकास केन्द्रको स्थापनापछि भएको डा. विमलको पनि भनाइ छ । "मिथिला चित्रकला यहाँका नारी, समाज र लोकआस्थालाई छुट्याउन सकिँदैन । त्यसैले यहाँका नारीहरू कुनै न कुनै रूपमा यससँग परिचित नै छन् । तर त्यसलाई व्यावसायिक बनाउने र जीविकोपार्जनको सशक्त आधार तय गर्ने कामचाहिँ त्यहीँ केन्द्रले गरेको हो ।" जनकपुर नारी विकास केन्द्रका व्यवस्थापक अभिवन अंशु नारी सशक्तीकरण र आत्मनिर्भरताका लागि यहाँका नारीमा रहेको कलालाई निखार्न केन्द्रले ठूलो सहयोग गरेको बताउनु हुन्छ । विशेषगरी नेपाली मिथिला क्षेत्रमा सीमित चित्रकलालाई विश्व जगतमा फैलाउन र घरमा सीमित रहेर आश्रित जीवन बाँचिरहेका महिलालाई आर्थिक, सामाजिक रूपमा सशक्त बनाउँदै संसार देख्न र बुझ्न यहीँ संस्थाले जग निर्माण गरिदिएको उहाँको भनाइ छ ।

**मैथिली नारीलाई सीप**

"मैथिल नारीहरूसँग केही न केही सीप छ । तर त्यसमा निखार र प्रचारको अभाव थियो । मिथिला चित्रकला, हस्तकला, सिलाइ र छपाइका सामग्रीमा सुन्दरता भरेर आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबले महिलालाई सशक्तीकरण गर्न हाम्रा अग्रजहरूले यो संस्था निर्माण गरेका थिए । त्यसको निरन्तरता दिइरहेका छौं", उहाँ भन्नुहुन्छ, "तर यसलाई समयसापेक्ष विकासका लागि हामीले मात्रै चाहेर धेरै कुरा हुने अवस्था छैन ।"

नेपालको मौलिक मिथिला पेन्टिङको माध्यमबाट संसारमा चिनाउने र नारी समानता तथा स्वावलम्वनका लागि महत्वपूर्ण योगदान गर्नसक्ने भएकाले यस क्षेत्रको विकासका लागि सामूहिक पहलकदमी जरुरी छ ।



रमानी मण्डल

# अन्तरराष्ट्रिय विमानस्थलको ऋणको जालोमा यसरी फँस्दै नेपाल

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको लागत एक अर्ब ३७ करोड ८७ लाख ४० हजार युआन अर्थात् (आजको विनिमय अनुसार-एक युआन बराबर १८.३४ रुपैयाँ) २५ अर्ब २८ करोड ६० लाख ९१ हजार रुपियाँ रहेको छ । त्यसमा पाँच प्रतिशत व्याज नेपाल सरकारले तिर्नुपर्छ जुन आफै निकै नै महँगो हो ।

२०७९ चैत १ गतेदेखि भुक्तानी सुरु भइसकेको छ । २० वर्ष अर्थात २०९२ असोज १ गतेसम्ममा सम्पूर्ण ऋण भूक्तान गरिसक्नु पर्ने, सम्झौताको समयदेखि ६ वर्षको ग्रेस अवधि पाउने अवस्था रहेको छ । सम्झौता अनुसार कूल भुक्तान अवधि २० वर्ष भएपनि ६ वर्ष ग्रेस अवधि तोकिएको छ । यो भनेको ६ वर्षसम्म नेपालले ऋणको साँवा ब्याज केही पनि तिर्नुपर्दैन । तर, २०७९ चैत १ गतेदेखि सुरु भएको ऋण भुक्तानीको किस्तावापत नेपाल सरकारले बाँकी १४ वर्षमा दुई अर्ब ७६ करोड ४४ लाख २० हजार ८५८.३ युआन अर्थात् ५० अर्ब ६९ करोड ९४ लाख ७८ हजार रुपैयाँ (साँवा र ब्याज गरी) बराबर भुक्तान गर्नुपर्ने हुन्छ ।

यसअवधिमा नेपाल सरकारले चिनियाँ पक्षलाई ब्याज मात्र ९ अर्ब ९२ करोड ४८ लाख ६१ हजार रुपैयाँ तिर्नुपर्ने हुन्छ । जुन सम्झौता अनुसारको वार्षिक ५ प्रतिशतको ब्याजदर आफैमा महंगो हो । सम्झौता अनुसार वर्षमा दुई पटक (६/६ महिनामा) किस्ता तिर्नुपर्दा वर्षमा १ अर्ब ९४ करोड ५० लाख ८४ हजार रुपैयाँ बराबरको भुक्तान दिनुपर्ने हुन्छ । यो भनेको प्रतिमहिना १६ करोड २० लाख ९० हजार रुपैयाँ बराबरको खर्च हो । ऋण तिर्नकै लागि भएपनि एयरपोर्टले कम्तिमा महिनामा १६ करोड २० लाख बढी आम्दानी गर्नुपर्ने देखिन्छ । तर, एयरपोर्टको अन्य खर्च, कर्मचारी, विजुली लगायत अन्य खर्च जोड्दा मासिक २५ करोडमाथि पुग्ने देखिन्छ ।

यता एयरपोर्ट सञ्चालनमा यतिका समय बितिसक्दा पनि एउटै अन्तर्राष्ट्रिय उडान हुन नसक्दा व्यवसायमाथि प्रश्न उठेको छ । आन्तरिकसँगै अन्तर्राष्ट्रियतर्फ कम्तिमा तीन वटा फ्लाइट नियमिति गर्न सकियो भने वार्षिक एक अर्ब रुपियाँ बराबरको आम्दानी गर्न सकिने नेपाल नागरिक उड्यान प्राधिकरणको भनाइ छ । तर हालसम्म एउटै अन्तर्राष्ट्रिय उडान गर्न नसकेको पोखरा विमानस्थलले आन्तरिक उडानबाट वार्षिक औषत ६० करोड रुपियाँ आम्दानी गर्ने देखिन्छ । वर्षमा नै साँवा ब्याजगरी एक अर्ब ९४ करोड रुपियाँ ऋणको किस्ता भुक्तान गर्नुपर्ने विमानस्थलले आम्दानी हेर्दा १४ वर्ष नभएर ३० वर्षमा पनि ऋण नगर्ने देखिन्छ । यद्यपि, राष्ट्रिय महत्वका यस्ता परियोजनालाई दीर्घकालीन रुपमा नै सोच्नुपर्ने प्राधिकरणले जनाएको छ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको सम्झौता सम्झौता २०६७ साउन २५ गते भएको थियो । त्यसको लागि सात अर्ब २८ करोड ८३ लाख ३८ हजार ७५८ र २५ लाख २९ हजार ९४.५ अमेरिकी डलर (रु. ३२,७८,९२,२७९.५) गरी कूल सात अर्ब ६१ करोड ६२ लाख ३१ हजार ३७ रुपियाँ रहेको छ । यसमध्ये एशियाली बिकास बैंक (एडीबी) को ६२.६० प्रतिशत लगानी रहेकोमा सोमध्ये पनि एडीबीले १८ प्रतिशत अनुदानमा उपलब्ध गराएको छ । बाँकी ३७.४ प्रतिशत लगानी नेपाल सरकार, नेपाल नागरिक उड्यान प्राधिकरणको रहेको छ । नेपाल सरकारले ट्याक्स बापतको रकम परियोजनालाई प्रदान गर्ने सहमति भएको थियो ।

कन्सल्टेन्सि सेवा सतप्रतिशत अनुदानमा पाएकोमा परियोजनाले लगानीको ट्याक्स कटाएर कूल रकमको करिब सात अर्ब २९ करोड रुपियाँ बराबरको साँवा ब्याज भुक्तान गर्नुपर्ने देखिन्छ । ऋण भुक्तान अवधि ३२ वर्ष तोकिएकोमा पाँच प्रतिशत ब्याजदरका हिसाबले प्राधिकरणले साँवा ब्याज तिर्नुपर्ने हुन्छ । वर्षमा दुई किस्ता ६/६ महिनामा किस्ता बुझाउनुपर्ने यस ऋणको ३२ वर्षमा ६४ किस्ता तिर्नुपर्नेमा प्रत्येक किस्तामा एक लाख ७१ हजार ५४२ एसडीआर (औषत मुद्रा मिलान) र छ लाख १२ हजार ७०९ अमेरिकी डलर अर्थात् ८ करोड २ लाख ६४ हजार ८७९ रुपियाँ एक किस्तामा तिर्नुपर्ने हुन्छ । यस हिसाबले गौतमबुद्ध विमानस्थलले प्रतिवर्ष १६ करोड ५ लाख रुपियाँ किस्ताबापत भुक्तानी गर्नुपर्ने हुन्छ । यसमा एसडीआर करेन्सी थप हुँदा लगभग २५ करोडजति हुन आउँछ ।

**विमानस्थलको आम्दानी**

हाल गौतमबुद्ध विमानस्थलबाट हप्तामा एक अन्तर ाष्ट्रिय उडानसहित औसत दैनिक १०-१२ वटा आन्तरिक उडान भइरहेका छन् । नेपाल एयरलाइन्सले हप्ताको एक दिन मलेसियाको क्वालालम्पुर-भैरहवा-काठमाडौं उडान भरिरहेको छ भने यसअघि भैरहवा-कुवेत उडान शुरु गरेको एयर जजीराले उडान रोकेको अवस्था छ । अन्तर्राष्ट्रिय उडानतर्फ प्रतिउडान प्रतियात्रु विमानस्थलले तीन हजार रुपियाँ पाउँछ । हप्तामा एउटामात्र उडान हुँदा औसत १५० जना यात्रु भए ४ लाख ५० हजार रुपियाँ आम्दानी हुन्छ । अन्तर्राष्ट्रिय उडानको ग्राण्डह्याण्डलिङ सुविधा निःशुल्क उपलब्ध गराइएको छ ।

यस्तै, आन्तरिकतर्फ दैनिक १०-१२ वटा उडान भइरहेकोमा प्रति उडान ७२ जना बराबर विमानस्थललाई ३६ हजार रुपियाँ (प्रतियात्रु ५००) आम्दानी हुन्छ । यसो गर्दा आन्तरिक उडानमा विमानस्थललाई चार लाख ३२ हजार आम्दानी हुन्छ । यो हिसाबले आन्तरिक र बाह्य उडान गरी हाल विमानस्थलले मासिक ३० लाख ३६ हजार रुपियाँ आम्दानी गर्छ । कम्तिमा हप्ताको ३ वटा अन्तर्राष्ट्रिय उडान भए विमानस्तलको आम्दानी मासिक ५० देखि ६० लाख हुने गौतमबुद्ध विमानस्थलका निर्देशक हंशराज पाण्डे बताउँछन् । दुवै एयरपोर्ट चीनले बनाएको हो ।

**चेन सोङसँ ग...**

पार्टी नै विभाजन गर्ने गरी चाइना अगाडि बढ्यो । माओवादी केन्द्रका अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री प्रचण्ड र एमालेका अध्यक्ष केपी शर्मा ओली सक्रिय हुनुभएको थियो । चिनियाँ राजदुत सोङ नेकपा (एस) र जसपा नेपालका असन्तुष्ट पक्षसँग भेटघाटलाई तिब्रता दिन थाल्नुभयो । जसपा नेपालका तत्कालिन वरिष्ठ नेता राजेन्द्र श्रेष्ठ र नेकपा (एस)का नेता झलनाथ खनाललाई छुट्टा छुट्टै पटक पटक भेट्नुभयो । काँग्रेससँग गठबन्धन नबनाउन आग्रह गरिएको थियो । त्यो आग्रहपछि नेता खनाल निकै पुलपुलिनु भएको थियो । माधव कुमार नेपालको गतिविधिको बारेमा सार्वजनिक रुपमै अभिव्यक्ति दिन थाल्नुभयो ।

काँग्रेससँग कुनै पनि हालतमा गठबन्धन बन्नु हुँदैन भनि अभिव्यक्ति दिन थाल्नुभयो । जसपा नेपालका नेता श्रेष्ठ उपेन्द्र यादवको विश्वासपात्र मध्येका एक हुनुहुन्थ्यो । पार्टी विभाजनको पक्षमा कहिले हुनुहुन्थेन नेता श्रेष्ठ । जब राजदुत सोङसँग भेट्नुभयो अनि एकाएक पार्टी विभाजनका लागि तयार हुनुभयो । सुरुमा त उपेन्द्र यादवलाई अर्को गठबन्धन नबनाउन पनि उहाँले आग्रह गर्नुभएको थियो । तर उपेन्द्र यादवले आफू कुनै गठबन्धन बनाउनमा नलागेको भन्दै टार्दै आइरहनु भएको थियो । जसपा नेपाल सत्ता गठबन्धन (एमाले-माओवादी)को पक्षमा नै रहेको भन्दै श्रेष्ठलाई विश्वासमा लिन चाहनु भएको स्रोतको दावी छ ।

यता, झलनाथ खनाललाई सांसद पनि बनाउने कुरा एमालेका अध्यक्ष ओलीले विश्वास दिलाउनु भएको थियो । आफ्ना पार्टीका पाँचथरका सांसद वसन्त नेम्वाङलाई राजिनामा दिन लगाएर उपनिर्वाचन गराई संसदमा भित्र्याउने लोभ नेता खनाललाई उहाँले दिनु भएको थियो । तर त्यसको बदलामा माधवकुमार नेपाललाई अर्को गठबन्धन बनाउनबाट रोक्न भूमिका खेल्नुपर्छ त्यसका लागि पार्टी नै विभाजन गर्नुपर्छ भने गर्न पनि तयार रहन भनिएको थियो । त्यसका लागि नेता खनाल तयार हुनुभएको थियो । यतिका तारतम्य मिलाई सकेपछि पनि नेकपा (एस)लाई विभाजन गर्न नसकेपछि एमालेका अध्यक्ष ओली जसपातिर लाग्नु भएको स्रोतको दावी छ । जसपाका अध्यक्ष उपेन्द्र यादव अमेरिकामा रहेको मौका छोपेर रातरात जसपा नेपाल विभाजन गराइएको थियो ।

**लोसपामा...**

लागि लोसपा पनि आफूहरुको साथमा रहेको बताउनुभयो । अहिले माओवादी केन्द्र, एमाले, लोसपा, जनमत एक ठाउँमा आएको छ, नेकपा (एस) पनि आउँछ, त्यसका लागि कुराकानी भइरहेको उहाँले बताउनुभयो । केन्द्रमा पनि यस विषयमा कुराकानी चलिरहेको छ । केन्द्रबाट निर्णय आउने बित्तिकै थप छलफल हुने उहाँले बताउनुभयो । जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले पनि नयाँ गठबन्धन तयारी सुरु भएको छ, त्यसमा लोसपा, माओवादी, एमाले रहेका छन्, अरु दललाई पनि सहमतिमा ल्याउने प्रयास भइरहेको बताउनुभयो ।











# मैथिली भाषाका चलचित्र न्यून

नेपालमा नेपालीबाहेक अन्य भाषामा निकै कम सँख्यामा चलचित्र निर्माण हुने गरेका छन् । तराई क्षेत्रमा चलचित्र भवनको सँख्या राम्रो भए पनि त्यहाँ हिन्दी र भोजपुरी भाषामा तयार भएका चलचित्रको दबदबा देखिन्छ । स्थानीयरुपमा बोलिने मैथिली भाषामा भने निकै कम चलचित्र निर्माण भएका छन् ।

नेपाली र भोजपुरी जस्तो पूर्ण तयारी भएर चलचित्र नबनेको विश्लेषण साहित्यकार तथा गीतकार धीरेन्द्र प्रेमर्षीले गर्नुभयो । उहाँले ससाना भिडिओ चलचित्र बनेको पाइए पनि अन्य भाषाको जस्तो ठूला चलचित्र नबनेको बताउनुभयो । "यहाँ आट गरेर चलचित्र बनाउने लगानीकर्ताको अभाव देखिएको छ । भाषा र साहित्यसँगै समुदायप्रति दायित्व बोध गर्नेको अभाव हुँदा पछिल्लो समय आफ्नै चलचित्र छैनन् ।

उहाँले बजार ठूलो भए पनि मैथिली भाषामा चलचित्र नबन्नु दुःखद् रहेको बताउनुभयो । उहाँलाई 'सस्ता जिन्दगी महङ्ग सिन्दुर' नामक मैथिली भाषामा बनेको चलचित्र स्मरण छ । जसले बलिउडका ठूला चलचित्रको शो हटाउनसमेत सफल भएको थियो । सो चलचित्रलाई मुरलीधरले निर्देशन गर्नुभएको थियो । भारतीय कम्पनीले निर्माण गरेको थियो भने नेपालमा प्रदर्शन अधिकार निर्देशक मुरलीधरले लिनुभएको थियो । त्यो चलचित्रपछि केही प्रयास भए तर कलाकारले सफलता नपाएको उहाँले बताउनुभयो । पछिल्लो समय डिजिटल प्लेटफर्ममा उपलब्ध 'ज्याक्सन हल्ट','गामक घर', 'ललका पाग' जस्ता चलचित्र बजारमा आएको छ । नेपालमात्र नभई भारतमा पनि उल्लेख्यरुपमा मैथिली चलचित्र निर्माण हुन् नसकेको कलाकार रमेश रञ्जन झाले बताउनुभयो ।

मैथिलीका छोटा चलचित्र बनेका छन्, तर ठूला चलचित्र नबन्दा यहाँका जनशक्ति बाहिरका उद्योगमा गएर काम गर्न बाध्य एका छन् । वीरगञ्जदेखि जनकपुर हुँदै तयारको बजारलाई लक्षित गर्दै चलचित्रका लागि प्रयास गर्नुपर्ने देखिएको छ । केही समय अगाडि मैथिली भाषामा निर्माण गरेर नेपाली र भोजपुरीमा स्वराङ्कन गरेर प्रदर्शन गर्ने घोषणा गरिएको चलचित्र 'लेबर' ले नयाँ अध्यायको सुरुआत गर्नसक्ने विश्वास मैथिली चलचित्रकर्मीको छ । यसका निर्देशक पुर्णेन्दु के झाले बजार खोज्ने प्रयासमा सुरुआत गर्न लागिएको बताउनुभयो । "मैले चलचित्रसम्बन्धी अध्ययन गरेर नेपाली भाषाको चलचित्र बनाएँ । तर, यतिबेला हामी तराईबाट प्रतिनिधित्व गर्नेले मैथिली भाषाका लागि चलचित्र बनाउनु आवश्यक देखेर तयारी गरिरहेको छु । अघिल्ला दुई चलचित्रको अनुभवले यसलाई भव्य बनाउने कोसिस गर्ने छु", निर्देशक झाले भन्नुभयो ।

उहाँले मैथिली भाषासँगै तराईमा देखिएको श्रमिक र वैदेशिक रोजगारीको समस्यालाई चलचित्रको कथा बनाउनुभएको छ । यसमा मिथिलामा नाटक गरेका अभिनेता उत्पल झा, रवीन्द्र झालगायतका कलाकार तय भएका छन् । नेपाली चलचित्र, भोजपुरी चलचित्रमा देखिएका कलाकारसँगै मैथिली भाषामा दखल राख्ने कलाकार चलचित्रमा देखिने निर्देशक झाले जानकारी दिनुभयो । "म चलचित्रलाई व्यावसायिकरुपमा तयार गरेर प्रदर्शन गर्ने तयारीमा छु । यसले लगानीकर्तालाई आकर्षित गर्नेछ । लेबर मैथिली चलचित्रका लागि आउँदो दिनमा कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास छ", उहाँले भन्नुभयो ।

# सम्बन्ध बिच्छेदपछि इशा फिल्ममा

बलिउड अभिनेत्री इशा देओल लामो समयदेखि सम्बन्धविच्छेदका कारण चर्चामा थिइन् । इशा बिहे गरेको ११ वर्षपछि श्रीमान् भरत तख्तानीसँग अलग भइन् । अभिनेत्रीले सामाजिक सञ्जालमा आफ्नो सम्बन्धविच्छेदबारे फ्यानहरूलाई जानकारी दिएकी थिइन् । अहिले उनी अभिनय संसारमा फेरि फर्कने तयारीमा छिन् ।

हालै इसा देओलले मुम्बईमा वृक्षारोपण अभियानमा सहभागी भएकी थिइन् । यस क्रममा अभिनेत्रीले आफ्ना आगामी प्रोजेक्टबारे खुलेर कुरा गरिन् । 'अहिले म आगामी फिल्मको सुटिङमा व्यस्त छु । यसको घोषणा छिट्टै गरिनेछ । म यति मात्र भन्न सक्छु कि काम गर्न पाउँदा धेरै खुसी छु,' उनले भनिन् । इसा देओलले बलिउड डेब्यू फ्लप रहेको थियो । अभिनेत्रीले सन् २००२ मा रोमान्टिक फिल्म 'कोई मेरे दिल से पूछे'बाट उनले बलिउडमा डेब्यु गरेकी थिइन् ।

यस फिल्ममा उनको अपोजिट अफताब शिवदासानी थिए । तर बक्स अफिसमा फिल्म नराम्ररी असफल भयो । यसपछि इसा देओलले ना तुम जानो न हम, क्या दिल ने कहा, कुछ तो है, दस, नो एन्ट्री, शादी नम्बर १ जस्ता धेरै फिल्ममा काम गरिन् । तर उनले पिता धर्मेन्द्र र आमा हेमा मालिनी अनि दाजुहरू सनी देओल र बबी देओलजस्तो सफलता पाउन सकिनन् । इसा ओटीटीमा पनि आइसकेकी छिन् । सुनील शेट्टीको 'हन्टर टुटेगा नही तोडेगा' सिरिजमा उनी देखिएकी थिइन् ।

## वडा कार्यालयको अपिल

**तपाईको स्वास्थ्य हाम्रो अठोट**

**समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं**

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

दस्तावेज



■ विरबल यादव

# शिक्षाका मसिहा वीरबल यादव

गाविसबाट भएका कामहरुको भुक्तानी सो गाविसका अध्यक्षले आफ्नो खेत बेचेर गरेको सुन्दा तपाईलाई आश्चर्य लाग्न सक्छ तर त्यस्तै भएको छ । २०५४ को स्थानीय तहको चुनावमा वरियारपट्टी गाविसको अध्यक्ष बन्नुभएका वीरबल यादवको कार्यकाल सकेपछि बाँकी रहेको भुक्तानी रकम आफ्नो खेत बेचेर दिनुभएको हो । २०५९ मा अध्यक्ष पदबाट हटेपछि भएका विभिन्न आयोजनाका कामको बक्यौता बेचेर आफूले भुक्तानी गरेको वीरबल यादव बताउनु हुन्छ, उहाँ भन्नुहुन्छ, 'म अध्यक्षबाट हटेपछि पुराना बक्यौता रकमहरु माग्न विभिन्न व्यक्तिहरु घरमै आउनु हुन्थ्यो तर पटक पटक त्यसरी आएपछि बुवाले सोध्नु भयो कि उनीहरु घरमा किन आइरहन्छन् अनि मैले पुराना बक्यौता रकम बाँकी छ त्यही लिन आएको भन्दा बुवाले खेत बेचेर उनीहरु हिसाब क्लियर गर्नुस् ।'

त्यतिबेला गाविसमा भएको कामको रकम वीरबलले खानु भएको वा अनियमितता गरेर नदिनु भएको होइन, कार्यकाल सकिएपछि गाविसबाट भुक्तानी नहुँदा ती व्यक्तिहरु वीरबलको घरमा पुग्नुहुन्थ्यो । तीन कठ्ठा खेत बेचेर सबैको भुक्तानी गर्नुभएको थियो, अहिलेका गाउँपालिकाका अध्यक्षबाट त्यो कल्पना समेत गर्न सकिदैन । अहिले त पालिका अध्यक्षहरु लाखौ होइन, करौडो कमाइ रहनु भएको छ । यति कमाउनु हुन्छ एक पुस्तालाई मात्र होइन तीन पुस्तालाई पुग्नेगरि कमाइ रहनु भएको छ । ५४ वर्षीय वीरबल यादव एक मात्र यस्ता व्यक्ति हुनुहुन्छ । जो गाविस अध्यक्ष भएर पैसा कमाउन सक्नु भएन उल्टै अरुको पैसा तिर्न खेत नै बेच्नु पर्‍यो । अध्यक्षबाट हटेपछि आर्थिक यस्तो खराब भयो कि मास्टरी गर्न बाध्य हुनुभएको थियो । हाल आफ्नो गाउँको माविमा १३ वर्षदेखि काम गरिरहनु भएको छ । तर मास्टरी पेसामा नै सक्रिय भएपनि उहाँलाई अधिकाँशले मास्टर नभएर प्रधान न भनेर बोलाउँछन् । उहाँको इमान्दारीता र लगनशिलताको प्रशंसा त्यस वरिपरी हुने गरेको छ ।

प्रजातन्त्र स्थापनापछि २०५४ जेठमा हुन लागेको दोस्रो स्थानीय निकायको निर्वाचनताका वीरबल यादव भर्खर २५ वर्षमा टेक्नुभएको थियो । कुशल शिक्षक बन्ने सपना बुनेर केही वर्षअघि वखलढुङ्गाको राज्यलक्ष्मी मावि, उबुमा प्रवेश गर्नुभएका यादव हुँदाखाँदाको जागिर छाडेर जन्मस्थान सिरहाको बरियारपट्टि फर्किएको धेरै भएको थिएन । त्यहीबेला चुनावको सरगर्मी बढ्यो । राजनीतिक दलहरुले स्थानीयस्तरमा राम्रो प्रभाव भएका परिवार र धेरै मत बटुल्न सक्ने व्यक्तिको खोजी गर्दै थिए । सिरहा क्याम्पसमा बीएडसम्म अध्ययन गर्नुभएका थोरै युवामध्ये टाठाबाठा र जुझारु स्वभावका यादवमाथि धेरै पार्टीको नजर पर्‍यो । उहाँ एमालेबाट गाविस अध्यक्षको उम्मेदवार बन्नु भएको थियो र उहाँले शानदार ढंगले चुनाव जित्नुभयो ।

"शिक्षक बन्न हिँडेको मान्छे राजनीतिमा धेरै रुचि थिएन । साथीभाइले निकै जोड गरेपछि चुनावमा उम्मेदवार हुनैपर्ने भयो । उम्मेदवार त भइयो तर गाउँका क्लबहरुमार्फत समाजसेवा गरेको र विद्यालयमा पढाउनेबाहेक अर्को अनुभव थिएन । नभन्दै सबैको इमान्दार सहयोगबाट अध्यक्षमा निर्वाचित भइयो", यादवले राजनीतिक जीवनको सुरुआती दिन सम्झनुभयो । उहाँले भन्नुभयो, 'वखलढुगांबाट फर्केपछि पनि मलाई राजनीति गर्ने मन थिएन, तर गाउँका साथी भाइहरुले मेरो नामबाट जवर्जस्ती उम्मेदवारी दिन लगाउनुभएको थियो ।' तत्कालिन नेकपा प्रजातान्त्रिबाट गाउँपालिकाको सचिवमा लामो समय रहेर गाउँ समाजको सेवा गरेको बताउँदै उहाँले गाउँमा जनकल्याण युवा विकास क्लव थियो । त्यसको माध्यमबाट पनि गाउँमा सक्रिय थिए । विभिन्न समाजिक कामहरु गरेको कारण जनताले आफूमाथि विश्वास गरेर चुनाव जिताएका उहाँले बताउनुभयो ॥

अध्यक्षमा निर्वाचित भएपछि हो यादवको राजनीतिक जीवन सुरु भएको । उहाँ आफ्नो राजनीतिक जीवनबारे भन्नुहुन्छ, "चाहेर वा नचाहेर राजनीतिमा प्रवेश गरिसकेपछि पढेलेखेका युवाप्रतिको भरोसा, विश्वास र अपेक्षाको दबाबमा थिएँ । त्यो भरोसा, विश्वास र अपेक्षालाई टुटाउने वा असफल हुने छुट मलाई थिएन । त्यसैले आफूले जानेको, बुझेको र क्षमताले भ्याएसम्म राम्रो गर्ने प्रयासमा लागेँ ।" उहाँ आफ्नो कार्यकालमा शिक्षा र कृषिलाई प्राथमिकतामा राखेर काम गरेको बताउनुहुन्छ । जिम्मेवारीका हिसाबले गाविस अध्यक्ष भए पनि अनुभव, रुचि र क्षमताका हिसाबले आफूलाई शिक्षा क्षेत्रभन्दा पर बस्न नसकेको बताउने यादवले अध्यक्ष भएकै बेला पनि स्वयंसेवी शिक्षकको रुपमा पढाउन नछोडेको सुनाउनुभयो ।

"त्यो समयमा बजेट निकै कम थियो तर पनि आफू पढेको विद्यालयलाई मावि बनाउनैपर्ने आवश्यकता थियो । सोहीअनुसार विद्यालयको स्तरोन्नति गरियो तर पढाउने जनशक्तिको अभाव थियो । त्यही अभाव पूर्ति गर्न मलगायत अन्य केही साथीहरुले स्वयंसेवी शिक्षकका रुपमा काम गर्‍यौं", यादवले भन्नुभयो । त्यसैगरी उहाँले सो क्षेत्रमा विकराल समस्याका रुपमा रहेको सिँचाइका लागि जनश्रमदानमार्फत गागन खोलामा कच्ची बाँध बाँधेर किसानको खेतसम्म पानी पुर्‍याएको बताउनुभयो ।

**यसरी मोडिए राजनीतिमा**

२०४४ मा सिरहास्थित चन्द्र माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा (एसएलसी) उत्तीर्ण यादवले भारतको विहारस्थित विहार इन्टर काउन्सिलबाट विज्ञान विषयमा इन्टरसम्मको अध्ययन गर्नुभयो । उहाँले त्यही खाजेडिहमा राजनीति ज्ञान लिनुभयो । बिहारमा हुँदा त्यहाँ राजनीतिको क्रममा जाने काँग्रेस, कम्युनिष्टका नेताहरुसँग भेटाउनु हुन्थ्यो । र, घण्टौ राजनीतिका कुराकानी हुँदा वीरबलले राजनीतिप्रति पनि चासो लिन थाल्नुभयो । पढाइ सकाएर गाउँ फर्केपछि उहाँ नेकपा प्रजातान्त्रिको गाविस सचिव हुनुभयो । भारतबाट फर्के आएपछि गाउँमा पूर्णमान श्रेष्ठसँग चिनजान भएको थियो । पूर्णमान नेकपा प्रजातान्त्रिको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । उहाँको संघत गरेपछि राजनीतिमा आएको वीरबल भन्नुहुन्छ, म त्यतिबेला राजनीतिमा निकै सक्रिय थिए ।'

**बुवा विरामी भएपछि..**

उहाँले सिरहाको सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस सिरहाबाट शिक्षा संकायबाट बिएडसम्मको अध्ययन गर्नुभयो । बीएडको अन्तिम परीक्षा दिइरहेको बेलो उहाँको बुवा सुरैत यादव विरामी पर्नुभएको थियो । बुवा विरामी भएपछि घरका सम्पूर्ण जिम्मेवारी उहाँको काँधमा आइपुग्यो । घरको जेठो छोरा भएको कारणले घर सम्हाल्न थाल्नुभयो । एक वर्षसम्म घर छाडेर कतै जान पाउनुभएन । उहाँको बुवाको निको भएपछि मास्टरी गर्नका लागि वखलढुगां जानुभएको थियो, 'बीएड सकाएपछि थप पढ्ने इच्छा थियो तर घरको आर्थिक अवस्था यस्तो खराब थियो कि मास्टरी गर्नुबाहेक अरु कुनै उपाय थिएन ।' उहाँले २०५२ देखि २०५४ सम्म ओखलढुगांको राज्यलक्ष्मी माविमा राहत शिक्षकका रुपमा अध्यापन गराउनुभयो ।

तीन वर्षदेखि एसएलसीमा कोही पनि उत्तीर्ण नभइरहेको अवस्थामा विद्यालय प्रवेश गरेका नवप्रवेशी यादवमाथि स्थानीय अभिभावक र सहकर्मीहरुको आशा थपियो । सानैदेखि आफ्नो जिम्मामा आएको काम जसरी पनि फत्ते गरिछाड्ने संकल्पसहित डटेर लाग्ने स्वभावका यादवले त्यही निष्ठाका साथ काम गर्नुभयो । अन्ततः उहाँलगायत सहकर्मीको योगदानका कारण विद्यालयसँग जोडिएको पहिलो वर्षमै १७ जना विद्यार्थीमध्ये १५ जना उत्तीर्ण भएको उहाँले बताउनुभयो । "माध्यमिक तहमा गणित, विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षालगायत मुख्य विषय मैले नै पढाउनुपर्ने भयो । कक्षा १० मा मात्र मैले पाँच विषय पढाउनुपर्ने भयो । शिक्षक अभावका कारणले मात्रै होइन, त्यसलाई ममाथिको भरोसाका रुपमा लिएर काम गरे । यसकारण लगातार तीन वर्षदेखि एसएलसीमा शून्य नतिजा ल्याइरहेको विद्यालयबाट म जोडिएको वर्षमै १७ जनामा १५ जनाले उत्तीर्ण भएपछि त्यसको जस मलाई नै आउने स्थिति बन्यो", यादवले भन्नुभयो ।

**सहकर्मीले निहु खोजेपछि...**

वीरबल यादवकै भरमा वैकल्पिक विषयका रुपमा इच्छाधीन गणित थपियो । विद्यालयले राम्रो नतिजा ल्याउने मात्रै होइन कतिपय विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भए । राम्रो नतिजा ल्याउन थालेपछि त्यसको जस जति यादवलाई दिने अवस्था बन्दा सहकर्मीमध्येकै केहीलाई मन परेको थिएन । एकदिन तिनैमध्येका एक सहकर्मी शिक्षकसँग झगडा भएपछि भने यादवको जीवनले अर्को मोड लियो । "म सबै कुरा त्यागेर विद्यालयको हित नै मेरो हित हो भनेर खटिएको थिएँ । एउटै कक्षामा पाँचवटा विषयसम्म अध्यापन गराएँ । अरुको भन्दा मेरो विषयमा राम्रो नतिजा आएपछि समग्रमा विद्यालयकै नतिजा सुध्रियो", यादवले मलिन मुद्रामा भन्नुभयो, "तर एक दिन स्थानीय सहकर्मी शिक्षकले मसँग निहुँ खोजेर झगडा गरे । चित्त दुखाउने शब्द प्रयोग गरे । त्यसै दिन हो यो समाजका लागि यति धेरै मेहनत गर्दा पनि कदर नहुने रहेछ भनेर चित्त दुःखाएर आफ्नै गृह जिल्ला फर्किएको ।" त्यहीँ परिघटनाले एउटा शिक्षक एकाएक राजनीतिकर्मी र त्यसमा पनि गाउँपालिकाको अध्यक्ष बन्ने अवस्था आएको यादवको भनाइ छ ।

**फर्किए राजनीतिमा**

यादवले राजनीति सुरु गरे पनि आफ्नो लगाव शिक्षा क्षेत्रबाट कहिल्यै अलग नभएको बताउनुभयो । उहाँ गाविसको अध्यक्ष भएपनि गाउँको स्कूलमा पढाउन कहिले छाड्नु भएन । भोलेन्टियर पढाउनु हुन्थ्यो उहाँ । वखलढुगांमा पढाई रहेको बेला उहाँले शिक्षक सेवा आयोग दिनुभएको थियो । आठ वर्षपछि रिजल्ट आएको थियो । त्यतिबेला उहाँको गाविसको अध्यक्षको कार्यकाल सकि सकेको थियो । भर्खर अध्यक्ष पदको कार्यकाल सकेको थियो । अब के गर्ने भनि दोधार हुनुहुन्थ्यो । शिक्षकको पनि रिजल्ट आइसकेको थियो । माओवादीको द्वन्द पनि चलिरहेको थियो । घरको आर्थिक अवस्था पनि राम्रो थिएन । गाउँका साथीहरु सबैले शिक्षकमा काम गर्न नै सुझाव दिएका थिए । स्थायी शिक्षक हो, अरु राजनीति यस्तै भइरहन्छ भनि सल्लाह दिएपछि वीरबल यादव सोलु जानु भएको थियो ।

सोलुमा उहाँले सात वर्षसम्म हेडमास्टर भएर काम गर्नुभयो । वरियारपट्टी माविमा शिक्षक पद खाली भएपछि उहाँले २०६७ मा सरुवा गराएर आफ्नै गाउँको माविमा आउनुभयो । उहाँ आएपछि स्कूलको मुहार नै फेर्नुभयो । अहिले वरियारपट्टी स्कूल त्यस वरिपरी चर्चामा छन् । उहाँ आउँदा स्कूल तीन कठ्ठामा मात्र थियो । अहिले एक विघामा उहाँले फैलाउनु भएको थियो । १० कक्षासम्मको स्कूललाई प्लस टु बनाउनुभयो । प्लस टुमा साइन्स, कमर्श, कृषि तथा एजुकेशन पढाई हुन्छन् । ९ र १० कक्षामा सेक्सन छुट्याउनु भएको छ । यसै वर्षदेखि कक्षा ६ देखि सेक्सन छुट्याउने तयारी उहाँको छ । नमुना विकास कार्यक्रमबाट सञ्चालित सो स्कूलमा कृषि पढाई हुन्छ जहाँ भर्ना लिनका लागि इन्ट्रान्स दिनुपर्छ । इन्ट्रान्स पास भएपछि मात्र आइडमिशन हुन्छ । अहिले त्यो स्कूलमा नौ कक्षादेखि प्लस टुसम्म १५० जना कृषि पढ्ने विद्यार्थी मात्र छन् । यी सबै देन वीरबल यादवको हो ।

सिरहाको बरियारपट्टि गाउँपालिका–३ स्थित श्री जनता मावि (प्रविधिक धार) को नेतृत्व अर्थात प्रधानाध्यापकको जिम्मेवारीमा यादव हुनुहुन्छ । २०६७ सालदेखि उहाँले यस विद्यालयमा प्रवेश गर्नुभएका थियो ।

**राजनीतिबाट शिक्षक**

गाविसका अध्यक्ष भएर पनि शिक्षक पेसामा कसरी फर्किनुभयो भनि जिज्ञासामा उहाँ भन्नुहुन्छ, "मन शिक्षामा थियो तर भूमिका राजनीतिकर्मीका रुपमा गाविस अध्यक्षको थियो । न यो पद स्थायी हो न त राजनीति मेरो स्वभाव सुहाउँदो छ भन्ने बुझाइ बदलिएको थियो । त्यसैले अध्यक्षमा बहाल रहेकै बेला अन्तर्वार्ता दिन गएको थिएँ । यसमा तत्कालीन शिक्षक र अहिले सुखीपुर नगरपालिकाका प्रमुख रामअवतार यादवको ठूलो भूमिका छ ।" नभन्दै अध्यक्षको कार्यकाल सकिएको दुई वर्षपछि आएको नतिजामा यादव उत्तीर्ण हुनुभयो । सुखीपुर नगरप्रमुख यादवकै सल्लाहबमोजिम २०६० सालमा स्थायी नियुक्ति लिएर अध्यापन यात्रा पुनः सुरु गरेको यादवले स्मरण गर्नुभयो । उहाँको स्थायी शिक्षण कर्म सोलुखुम्बुको देउसा माविबाट सुरु भयो । त्यहाँ करिब सात वर्ष बिताएका यादवले चार वर्ष हेडमास्टर भएर नेतृत्व गर्नुभयो तर पछि हालको विद्यालयमा सरुवा भएर आउनुभयो ।

आफ्नो विद्यालयको बारेमा वीरबल यादव भन्नुहुन्छ, "मैले सात कक्षासम्म पढेको विद्यालय हो । यहाँ मावि तथा उच्च शिक्षा नहुँदा अन्यत्र जानु पर्दाको पीडा नजिकबाट भोगेको छु । त्यसैले गाविस अध्यक्ष हुँदा मावि बनाएको विद्यालयलाई उच्च मावि बनाउने मेरो पहिलो प्राथमिकता थियो", यादवले भन्नुभयो, "त्यसैका लागि साढे नौ कट्ठा जमिन किन्न र बाँकी थपथाप गर्नमा जोड दिएर करिब दुई विघा जग्गा पुगाइयो । त्यसपछि यहाँ कक्षा १२ सम्म शिक्षा, वाणिज्य, कृषि, विज्ञान समूह विस्तार गरी अध्ययन अध्यापनको काम सुरु भएको छ ।" यादव सो विद्यालयमा मावि तहको एक्लो स्थायी शिक्षक हुनुहुन्छ । सो विद्यालयमा उच्च मावि तहमा निजी स्रोत तथा राहतमा अनुदानमा नौसहित कूल ३२ जना हुनुहुन्छ । त्यहाँ मावि तहमा साढे १४ सय र उच्च माविमा तीन सय जना गरी साढे १७ सय विद्यार्थी अध्ययनरत छन् ।

शिक्षकबाट अवकास लिए पनि राजनीतिमा नफर्किने बताउनुहुन्छ वीरबल यादव । उहाँ भन्नुहुन्छ, 'नेपालको राजनीति गलत ट्रयाक गइसकेको छ, यो अवस्थामा राजनीति गर्न सकिदैन ।' शिक्षकबाट रिटायर्ड भएपछि समाजसेवा नै गर्ने बताउँदै वीरबल यादवले भन्नुभयो, 'अहिले पनि शिक्षणका साथै समाजका लागि केही न केही गरिरहेको हुन्छु जसले गर्दा सबैले माया गरिरहेका छन् ।'

**मुसहर बालबालिकालाई शिक्षा**

बरियारपट्टि अर्थात् विद्यालय वरपर यादव समुदायको बाहुल्यता भए पनि अन्य समुदायको पनि मिश्रित उपस्थिति छ । करिब सय घर परिवार त मुसहर समुदायका मात्रै छन् । ती परिवारबाट विद्यालय जाने बालबालिकाको सँख्या करिब ३५ जना मात्रै छन् । त्यो पनि हेडमास्टर यादवलगायतको मेहनतबाट सम्भव भएको हो । "मुसहर समुदायका बालबालिका विद्यालय आउने अवस्था नै थिएन । आठ/दस वर्षको उमेरमा विद्यालय आउने र प्राथमिक तहभन्दा माथि पढ्नै नचाहने प्रवृत्ति छ", यादव भन्नुहुन्छ, "हातहातमा मोबाइल छ तर कापी कलम किन्ने पैसा छैन भनेर अभिभावकले बहानाबाजी गर्ने र पैसा कमाउन भारत पठाउने समस्या त्यो समुदायको ठूलो समस्या हो । अहिले मुस्किलले ३०/३५ जनालाई विद्यालयमा टिकाएका छौं ।"

सो क्षेत्रमा मुसहर समुदायबाट एसएलसी उत्तीर्ण गर्ने एक जना मात्रै छन् । यादवलगायतकै पहलमा वर्षको ३० हजार रुपियाँ छात्रवृति पाउने गरी पठनपाठनको व्यवस्था मिलाउँदा समेत ती विद्यार्थी १२ कक्षाको परीक्षाकै मुखमा भागेर पञ्जाव गएको घटनाले उहाँलाई अहिले पनि पिरोलिरहेको छ । यादवको दुःखेसो छ, "शिक्षाबिनाको जीवन कहिल्यै माथि उठ्न सक्दैन । यो कुरा जति बुझाउने प्रयास गर्दा पनि मुसहर बस्तीका अभिभावकले बुझ्दैनन् । सरकार र सरोकारवालाले बालबालिकालाई विद्यालयमा टिकाउन मुसहरबस्तीका अभिभावकलाई जीविकोपार्जनको आधार तयार गरिदिनुपर्ने आवश्यकता छ ।"

हुन त यादवले विद्यालयको भौतिक अवस्था सुधारमा मात्रै ध्यान दिनुभएको छैन । गुणस्तरीय शिक्षाका लागि सहकर्मीसँगै आफू पनि अहोरात्र खटिरहनुभएको छ ।

बाँकी पृष्ठ १२ मा

# तरकारी खेतीबाट मनग्य आम्दानी गर्दै मधेशका महिला



सप्तरीको पश्चिम क्षेत्रको सुरुङ्गा नगरपालिकाका महिला तरकारी खेतीतर्फ आकर्षित भएका छन् । सुरुङ्गा नगरपालिका-९ टिकुलियाका महिलाले समूह बनाएर तरकारी खेती सुरु गरेका हुन् । महिलाको सक्रियतामा दिनाभद्री कृषक समूह बनाएर दलित समुदायका महिला यति बेला तरकारी खेतीमा लागेका छन् । पन्ध्र महिलाको समूहले तरकारी खेतीबाटै मनग्य आयआर्जन गरेका छन् । उनीहरुलाई 'सेभ द चिल्ड्रेन'को सहयोगमा 'सबल नेपाल' संस्थाले बिउ बिजन र  मलखाद सहयोग गरेको छ ।

कृषक समूहकी अध्यक्ष कविताकुमारी सदाले विगतमा आफूहरु बेरोजगार बनेर घरमै बस्दै आएकोमा हाल तरकारी उब्जाएर पैसा कमाउन थालेको बताउनुभयो । उनीहरुलाई सबल नेपालले तरकारी खेती गर्नेबारे तालिम समेत दिएको छ । उहाँले भन्नुभयो, "त्यत्तिक्कै बस्नुभन्दा मेहनत गरेर खाने सोचका साथ तरकारी खेती गर्न थालेका हौँ, तरकारी खेती गरेरै घरखर्च चलाउनुका साथै केही पैसा बचतसमेत गर्दै आएका छौँ ।"

करिब १४ कट्ठा जग्गामा दलित महिला मिलेर तरकारी खेतीमा संलग्न छन् । उनीहरुले  बिहान आफ्नो घरको काम सघाएर बाँकी समय तरकारी खेतीमा बिताउने गरेको सबल नेपालका कृषि अधिकृत आशिष चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "दलित महिलाको आर्थिक समृद्धिका लागि सेभ द चिल्ड्रेनको साझेदारीमा समुन्नति कार्यक्रमअन्तर्गत सबल नेपालले तरकारी खेती गर्नका लागि बिउ बिजन, प्राङ्गारिक मल, कृषि औजारलगायत  सहयोग गरेको छ । यसबाट उनीहरु आत्मनिर्भर बन्दैगएका छन् ।"

दिनाभद्री कृषक समूहका सदस्य ललिता सदाले समूहको तरकारी खेतीबाट आम्दानी गरेर आफ्नो घर व्यवहार चलाएर छोराछारीको पठाइ खर्चसमेत निकाल्ने गरेको बताउनुभयो । सिँचाइ अभाव रहेको बेला सबल नेपालले कृषि मिटर सहयोग गरेका कारण पानीको अभाव नहुँदा अहिले तरकारी खेती गर्न समस्या नभएको उहाँको भनाइ छ । उनीहरुले लौका, फर्सी, खुर्सानी, भन्टा, काँक्रो, प्याजलगायत तरकारी उत्पादन गर्दै आएका छन् । आफ्नै बारीमा उब्जेका तरकारी नजिकैको टिकुलिया हटियामा तरकारी आफैँ बसेर बिक्री गर्दा आम्दानी गर्न सकिएको समूहकी सदस्य तिलिया सदाको भनाइ छ । उहाँले भन्नुभयो, "तरकारी खेतीले आफ्नो दैनिक खानाको लागि पुग्ने र बचेका तरकारी नजिकको हटियामा बिक्री गरेर आम्दानी गर्ने गरेकी छु ।"

सुरुङगा नगरपालिका-२ कमलपुरका कृषकले समेत तरकारी खेतीबाट वार्षिक लाखौँको आम्दानी गर्न थालेका छन् । चन्द्रमुखी कृषक समूह गठन गरेर यहाँ तरकारी खेती गरिएको छ । व्यक्तिगत जग्गामा अहिले उनीहरु साग, प्याज, बोडी, खुर्सानी, मुला, फर्सीलगायत तरकारी उत्पादन गर्न थालेका छन् । समूहका सदस्य राजकुमार महतो चार छोरा/छोरीलाई उच्च शिक्षा पढाउन तरकारी खेतीमा जुटेको बताउनुहुन्छ । मलेसियाबाट आएपछि उहाँले पाँच कट्ठा जग्गामा तरकारी खेती गरेर अहिले वार्षिक पाँच लाख रुपियाँ भन्दा बढी आम्दानी गर्दै आउनु भएको छ ।

यस्तै धीरेन्द्र यादव पनि बुबाले गरेको तरकारी खेतीमा सधैँ सघाउनुहुन्छ । उहाँ कक्षा १२ मा स्थानीय विद्यालयमा अध्यनरत हुनुहुन्छ । बिदाको समयमा तरकारी खेतीमा सहभागी हुने गरेको उहाँले बताउनुभयो । चन्द्रमुखी कृषक समूहका अध्यक्ष जीवनप्रसाद यादवले १० बिघामा सामूहिक रुपमा तरकारी खेती गर्नुभएको छ । यस क्षेत्रमा घोरगाधा र बाँदरको आङ्तक रहेको बाबजुद पनि तरकारी खेतीबाट लाखौँको आम्दानी गर्न किसान पछि हटेका छैनन् ।  सबल नेपालले सोलार पम्प सहयोग गरेपछि तरकारी खेतीमा ऊर्जा थपिएको सदस्य रामवती महतोले बताउनुभयो ।

खडक नगरपालिका-४ अमहाका कृषक समूहले तरकारी खेतीबाट वार्षिक लाखौँ आम्दानी गर्दै आएका छन् । नगरपालिकाको अमाहा टोलका रामजानकी कृषक समूहका १८ सदस्यले तरकारी खेतीले वार्षिक रु ५० हजारदेखि दुई लाखसम्म आम्दानी गर्ने गरेका समूहका सदस्य सुनिता बस्नेतको भनाइ छ । सो बस्तीका करिब दुई सय परिवारले तरकारी खेती गर्दै आएका छन् ।





"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१–५५२५४००



## समाचार/विविध

### दोस्रो प्रयासमा...

बैशाख ११ गते बिहान १०:३० बजे नेताहरु निर्वाचन आयोग पुग्नुभएको थियो । केही नेताहरु निर्वाचन आयोगमा कागजपत्र मिलाउँदै नयाँ पार्टी दर्ताको तयारी गरिरहेका थिए उपेन्द्र यादवलगायत केही नेताहरु काठमाडौँको शान्तिनगरस्थित घरमा पुग्नुभयो ।

त्यतिबेला रेणु यादव आफ्नै घरमा हुनुहुन्थ्यो । अरु केही सांसद मेरियट होटलमा र केही बालुवाटारमा हुनुहुन्थ्यो । उपेन्द्र यादवका कारण रेणु यादव त्यहाँबाट निस्किन सकिरहनु भएको थिएन । अर्को पार्टीको सनाखत भइरहेको थिएन । त्यतिबेलासम्म निर्वाचन आयोगमा उपेन्द्र यादव र महन्थ ठाकुर अध्यक्ष रहने गरी जसपा नेपाल गठन गर्ने भनि निवेदन दर्तामा भइसकेको थियो ।

त्यसपछि उपेन्द्र यादवको पक्षमा बहुमत देखेपछि इस्तियाक राइहरु पछाडि हट्नुभएको थियो । अपहरणको हल्लाले सबै गन्जागोल भएको थियो । रेणु यादवको घरबाट नेताहरु निस्किरहनु भएको थिएन । पार्टी विभाजन गर्ने उद्देश्यले तत्कालिन प्रधानमन्त्री ओलीले २०७७ बैशाख ९ गते नै दल दर्ता सम्बन्धी कानुन अध्यादेशमार्फत ल्याइसक्नु भएको थियो । त्यसले समाजवादी पार्टी विभाजन गर्न सजिलो भएको थियो । उपेन्द्र यादव र डा.बाबुराम भट्टराईले सबै ह्याण्डल गर्नुभएको थियो । तर यसपटक न उपेन्द्र यादव हुनुहुन्थ्यो, न डा.बाबुराम भट्टराई । उपेन्द्र यादवबाट अलग भएर बाबुराम भटट्राईले छुट्टै पार्टी बनाई सक्नुभएको छ ।

त्यो दिन उपेन्द्र यादव आफै अमेरिकामा हुनुहुन्थ्यो । पार्टीमा के भइरहेको छ भने कसैले सुइकोसम्म पाउनु भएको थिएन । पार्टीका हर्ताकर्ता राजेन्द्र श्रेष्ठ र अशोक राइ पनि पार्टी विभाजनकै पक्षमा हुनुहुन्थ्यो । उपेन्द्र यादवले त कार्यवाहक अध्यक्ष राजेन्द्र श्रेष्ठलाई नै दिएर जानुभएको थियो । कार्यबाहक अध्यक्ष नै पार्टी विभाजनमा लागि सकेपछि अरु कसैको केही लागेन । अशोक राइ आफ्नो अध्यक्षतामा जसपा गठन गर्ने भनि निवेदन लिएर निर्वाचन आयोग पुगेपछि मात्र कुरा बाहिर आएको थियो ।

यसमा प्रधानमन्त्री प्रचण्ड र एमालेका अध्यक्ष केपी शर्मा ओलीले सघाइ रहनु भएको थियो । निर्वाचन आयोगमा बैशाख २३ गते निवेदन दिएपछि त्यसको भोलीपल्ट २४ गते पार्टी दर्ताको प्रमाणपत्र नै हात पार्नुभयो अशोक राइहरु । पार्टीमा विभाजनमा प्रचण्ड र ओलीको हात रहेको कुरा प्रधानमन्त्री प्रचण्ड स्वयंले एउटा कार्यक्रमका खुलासा गर्नुभएको थियो । जसपा नेपालका एक जना कार्यकारिणी सदस्यले भन्नुभयो, 'जुन कारणले २०७७ मा एमालेका अध्यक्ष ओलीले तत्कालिन समाजवादी पार्टी विभाजन गर्न खोज्नु भएको थियो त्यही कारणले यसपटक विभाजन गर्न सफल हुनुभयो ।'

### भागबण्डामा...

वैदेशिक रोजगारीमा देखिएको युवा पलायन रोक्न सरकारले तत्कालीन, मध्यकालीन, दीर्घकालीन रोजगारका लागि कार्यक्रम बनाउनुपर्छ । रोजगार कसरी दिन सकिन्छ र स्वरोजगार कसरी बनाउन सकिन्छ यसका लागि योजना बन्नुपर्छ । तीनै तहको सरकारद्वारा कार्यान्वयन हुने खालको योजना बन्नुपर्छ र लागू हुनुपर्छ । हामीले दक्ष जनशक्ति पठाउन सकेका छैनौँ । अधिकांश जनताले दक्ष जनशक्ति र अदक्ष जनशक्ति भएर जाँदा के समस्या हुन्छ बुझिसकेका छन् । रोजगारीमा जानेहरुका लागि तालिम सञ्चालन गर्दा ग्रामीण क्षेत्रका जनताको पहुँच हुने हिसाबले सोच्न जरुरी छ । अहिले धेरै मन्त्रालयमा तालिम दिने गरेको देखिन्छ तर त्यसको प्रभावकारिता पनि छैन र समन्वय पनि छैन । अधिकांश स्थानीय सरकारले औपचारिक रुपमा मात्रै तालिम दिने काम गरेका छन् ।

रुपन्देही निर्वाचन क्षेत्र ४ मा स्वास्थ्य र प्राविधिक शिक्षा सबैभन्दा बढी जरुरी छ । अहिलेको औपचारिक जुन शिक्षा छ, यसले बेरोजगार उत्पादन गर्ने कारखानाको काम गरिरहेको छ । त्यहाँबाट स्नातक उत्तीर्ण गरेर जागिर पाउँदैनन् अनि झन बढी निराशा पैदा हुन्छ । त्यसैले प्राविधिक शिक्षालाई ध्यान दिएर विद्यालयमा त्यसको पहुँच बढाउन आवश्यक छ । प्राविधिक शिक्षा भयो भने मान्छे स्वरोजगार पनि हुन्छ र आफ्नै देशमा काम हुन्छ । अहिले पनि पेन्टरलगायत विभिन्न क्षेत्रमा बाहिरबाट मान्छे बोलाएर काम गर्न बाध्य छौं । यसका लागि हामीले आफ्नो जनशक्ति तयार गर्न सक्नुपर्छ । स्थानीय सरकार र प्रदेश सरकारले समन्वय गरेर यसलाई जोड दिन सकिन्छ ।

जुन विद्यार्थीले १० कक्षा पास गर्न सकेको छैन, तिनीहरुलाई झन प्राविधिक शिक्षा दिन आवश्यक छ । सडकको कुरा स्थानीय सरकारले गरिरहेको छ । कुन क्षेत्रमा कति पैसा खर्च गर्ने भन्ने आधार मानव सूचाङ्का आधारमा हुनुपर्छ । निर्वाचन क्षेत्रमा पैसा भएको बेला होस् वा नभएको बेला होस् त्यो बेला विकास सन्तुलित ढङ्गले हुन्थ्यो । गएको दुई वर्षमा बजेटमा परे पनि योजना ठप्प पारिएको छ । मेरो क्षेत्रमा पुलहरुको जरुरी छ । व्यावहारिकरुपमा पैसा जानु तर प्राविधिक रुपमा मद्दत नहुनु ग्रामीण क्षेत्रको विकासका लागि सबैभन्दा ठूलो अवरोध हो ।

(लेखक प्रतिनिधिसभाका सदस्य र लोसपाका सहअध्यक्ष हुनुहुन्छ)

### के उपेन्द्रजी...

अपजस लिनुपर्छ । २०६५ मा आउँदा सबभन्दा ठूलो पार्टी आज किन यस्तो कमजोर भयो त्यसको बारेमा समिक्षा आवश्यक छ । त्यसको दोषी कतै न कतै उपेन्द्र यादवजी हुनुहुन्छ । म पनि मुलधारको पत्रकारिताबाट आएको व्यक्ति हुँ । म पनि एउटा सोच लिएर मधेश प्रदेशमा गएको हुँ । तर त्यहाँ अधिकारबाट बन्चित गराइयो । काम गर्ने मौका नै दिएन । यस विषयमा उपेन्द्रजीसँग पनि कुरा गरेको थिए त्यसमा उहाँलाई सकारात्मक नै पाएको थिए म । म अहिले समाजिक सञ्जालमा जे लेखिरहेको छु त्यो कुरा उपेन्द्रजीलाई पनि थाह छ होला । पार्टी र संगठनलाई सहयोग पुग्ने गरि नै लेखिरहेकोछु । म त के चाहन्छु भने मधेशका सारा शक्ति एक ठाउँमा आउनुपर्छ । पार्टी एकता नभए पनि गठबन्धन वा मोर्चाबन्दी गर्नुपर्छ । मधेशी शक्तिहरु अलग अलग भएको कारणले यो अवस्था भएको हो एक ठाउँमा आयो भने एउटा शक्ति बन्छ जसलाई हतपत कसैले छुन सक्दैनन् ।

**तपाई त मधेश सरकारको प्रेस सल्लाहकार हुनुहुन्छ तर तपाईले नै सरकारबाट डेलिभरी भएन भने भन्नुहुन्छ तपाईले यसरी भन्न सुहाउँछ त ?**

मेरो चालिस वर्षको पत्रकारिताको क्यारियर छ ती सबैलाई दाउमा लगाएर मधेश प्रदेश गएको हुँ । कतिपय शुभचिन्तकहरुले भन्नुभएको थियो कि दाजु तपाईका लागि त्यो ठाउँ राम्रो होइन, त्यहाँ नजानुस ।' मलेसियाका लिक्वान जस्तो मान्छे छोराको क्याविनेटमा मिनिस्टर बस्नुभएको थियो । मलेसिया कसरी बनाउने भनि रुनु भएको थियो । म पनि केही सोचेर नै मधेश प्रदेशमा गएको हुँ । उपेन्द्रजीले मलाई सम्मान गरेर त्यहाँ पठाउनु भएको हो । मेरो काम एडभाइजरी हो, मेरो पोष्ट कार्यकारी होइन । मधेश प्रदेशको जो हर्ताकर्ता हुनुहुन्छ उहाँले मबाट कसरी काम लिनुहुन्छ, कस्तो सल्लाह लिनुहुन्छ त्यसमा भर पर्छ । तर मलाई दुख लाग्छ । म सारा क्यारियर दाउमा लगाएर त्यहाँ गए तर म केही गर्न सकिन । म त बिचमा उपेन्द्रजीलाई भेटेर नै 'सरी म यसलाई कन्टिन्यु गर्न सक्दिन म फर्किन चाहेको छु' भनेको थिए । तर उहाँले होइन, तपाई त्यहाँ बस्नपर्छ भन्नुभयो । यद्यपी म त्यहाँ बस्नुको कुनै औचित्य देखिन किनभने मबाट मधेश प्रदेश सरकारले फाइदा लिन सकेन । म मेहनत गर्ने मान्छे हुँ, यो उमेरमा काम गर्न चाहन्छु । खट्न चाहन्छु । मधेशप्रति मेरो माया छ । मधेश मेरो मुटुमा छ ।

**मधेश सरकारले डेलिभरी दिन नसक्नुको कारण के हो, कमिशनको खेल हो कि पैसाको खेल हो कि कतैबाट हस्तक्षेप छ कि अरु दलहरुले सहयोग नगरेको हो कि के छ तपाईको बुझाईमा ?**

हाम्रो देशको निर्वाचन प्रणाली यस्तो भयो कि गरिबका छोराछोरी, इमान्दार मान्छे चुनाव नै लड्न सक्दैन । एउटा वडाको चुनावमा १०-१० लाख, २०-२० लाख रुपियाँ खर्च हुँदो रहेछ । त्यही मान्छे चुनाव जितेपछि काम गर्नुभन्दा बढी आफ्नो खर्च उठाउनतिर लाग्छन् । मन्त्री, सांसदहरु पनि त्यही गर्नुहुन्छ । अर्को कुरा, मैले त्यागको भावना कसैमा पाउन सकिन । म यो पदमा छु, यो मेरो दायित्व हो, म जनताका लागि केही गरेर जानुपर्छ भने सोच कसैमा देखेको छैन । धनुषा-सिरहाको बिचमा रहेको कमलापुलको हालत हेर्नुस् न । यो त अन्तराष्ट्रिय बदनामी हो । तर कसैलाई मतलब छैन । त्यहाँ गएपछि जो कोहीको आँखामा आँसु आउँछ तर नेता तथा मन्त्रीलाई कहिले पोलेन ।

**यो समस्या मधेश प्रदेशमा मात्र देख्नु भएको छ कि अरु प्रदेशमा पनि छन् ?**

कतै बढी, कतै कम तर सबै प्रदेशको अवस्था उस्तै छ । म त कोशी प्रदेशको मान्छे हुँ नि । त्यहाँको समस्या पनि उस्तै उस्तै छ । त्यहाँको समुदाय वा जनताले आफ्नो पहिचान समेत पाउन सकेन । कोशी किराँत प्रदेश नाम राख दिएको पनि हुन्थ्यो । विकास र नीतिको कुरा धेरै टाढाको कुरा हो । देशप्रति कोही गम्भीर छैनन् । राजनीतिमा व्यक्तिगत स्वार्थ पुरा गर्न मात्र आएको हो जस्तो लाग्छ । देश नराम्री गरी फँसिरहेको छ । कसैलाई कुनै कुरासँग मतलब छैन । केन्द्रले पनि त्यही सडक बनाउने, प्रदेशले पनि त्यही सडक बनाउने, स्थानीय तहले पनि त्यही माटो खन्याउने आखिर गर्न के खोजेका हुन्, यो के भइरहेको छ ? ब्युरोक्रेसीमा झन भ्रष्टाचार छ, अख्तियारमा पनि भ्रष्टाचार भइरहेको छ, देशको प्रणाली नै ड्यामेज भएको हो जस्तो लाग्छ । सम्पत्ति शुद्धिकरण इमान्दारीपूर्वक लगाउनुपर्छ ।

### शिक्षाका...

त्यसैको परिणामस्वरुप गत वर्षसम्म सो विद्यालयबाट उत्तीर्ण १२ जनाले लोक सेवा र चार जनाले शिक्षक सेवामा नाम निकालेका छन् । विद्यालयको शैक्षिकस्तर माथि उठाउन उहाँको अधिकांश समय विद्यालयमै बित्छ । त्यसक्रममा विद्यालयका सहयोगीदेखि सहकर्मीसम्म, विद्यालय व्यवस्थापन समितिदेखि समाजका अगुवाहरुसँग विद्यालय सुधारका योजनाबारे छलफल गर्नुहुन्छ । त्यही छलफलको निष्कर्षस्वरुप प्रविधिमैत्री शिक्षण सिकाइ, स्मार्ट बोर्ड, प्रोजेक्टरजस्ता विद्युतीय सामग्रीको प्रयोग, त्यसका लागि शिक्षकलाई १५ दिने तालिमजस्ता कार्य अगाडि बढेका छन् ।

बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतो हेडमास्टर यादवले विद्यालयको सुधारका लागि बनाउने सम्पूर्ण योजनामा आफूहरुको भरपुर सहयोग रहने बताउनुहुन्छ । "उहाँको लगाव देखेर हामी पनि उत्साहित छौँ । सबैको सल्लाहअनुसार चालु आर्थिक वर्षमै स्नातकसम्म स्तरोन्नति गर्न रु एक करोड बजेट विनियोजन गरिएको छ", उहाँले भन्नुभयो । वरिष्ठ पत्रकार रामरिझन यादव पनि सिरहाको दक्षिणी भेग र विशेषगरी हुलाकी सडक क्षेत्रको शिक्षा सुधार गर्न प्रधानाध्यापक यादवको पहलकदमी र योगदानबाट आफू पनि निकै प्रभावित भएको बताउनुहुन्छ । "उहाँ राजनीतिक चेत भएको एक कुशल शिक्षक हो, त्योभन्दा बढी शिक्षाप्रति उहाँको एक प्रकारको 'पागलपन' छ, त्यसले बरियारपट्टिको यो क्षेत्रमा शिक्षा बलियो जग बसाल्न भूमिका खेलेको छ", यादव भन्नुहुन्छ, "यहाँका अभिभावक, बुद्धिजीवी तथा अगुवा व्यक्ति सबैसँग समन्वयगरी अगाडि बढ्ने उहाँको बानिले हामीलाई पनि सहयोग गर्न बाध्य बनाएको छ ।"

**परिवार**

बुवा सुरैत यादव र आमा धनेश्वरी देवी यादवका जेठो छोरा वीरबल यादवका एक जना भाइ छने विजयकुमार यादव गाउँमै बोर्डिङ स्कूल सञ्चालन गरेर बस्नु भएको छ । एउटा दुर्घटनामा परी श्रीमती रञ्जुकुमारी यादवको निधन भइसकेको छ । वीरबल यादवका पाँच जना छोरा छोरी छन् । छोराहरु अमलेश यादव, रुपेश यादव र दीपेश यादव हुन् । छोरीहरु संगिता यादव र अविषा यादव हुन् । जेठी छोरी नर्सिङ पढेर लुम्बनी प्रदेशमा कार्यरत छिन् भने अर्को कान्छो छोरा मेडिकल पढी रहेका छन् ।


**तातोहावा 'लु' का असर तथा लक्षण**

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने ,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,

**यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार